# सङ्क्षिप्त वार्षिक प्रतिवेदन

(आ.व. २०७४-२०७५)


## राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

# सङ्क्षिप्त वार्षिक प्रतिवेदन

(आ.व. २०७४-२०७५)

## राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

# आयोगका पदाधिकारीहरू

## अध्यक्ष

मा. अनूप राज शर्मा

## सदस्यहरू

मा. प्रकाश वस्ती

मा. सुदिप पाठक

मा. मोहना अन्सारी

मा. गोविन्द शर्मा पौड्याल

## सचिव

वेदप्रसाद भट्टराई

**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग
**पो.ब.नं.** : ९१८२, काठमाडौँ, नेपाल
प्रकाशन मिति : फागुन, २०७५
प्रकाशन प्रति : ५००
**प्रतिवेदन नं** : २३६/२०७५ (केन्द्रीय कार्यालय)
**मूद्रण** : सौगात प्रिन्टर्स, ९८५१०७३१४८
**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग, नेपाल

**संयोजन/लेखन**
कैलाशकुमार सिवाकोटी

*आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।*

# मन्तव्य

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा आफ्नो स्थापनाकालदेखि नै आयोगले मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र संस्कृति विकासको लागि क्रियाशील रहिआएको सर्वविदितै छ। संविधान, ऐन र रणनीतिक योजनाको परिधिभित्र रही आयोगले आफ्ना गतिविधिहरू सम्पादन गर्दै आएको छ। संविधानतः संवैधानिक अङ्गको रूपमा रहेको यस आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा संविधानको धारा २४९ (१) (२) (३) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा व्यवस्था गरिएको छ।

भनिन्छः राज्य अविभावक हो । अतः मानव अधिकारको सम्मान, संरक्षण र परि पूर्तिसम्बन्धी पहिलो दायित्व राज्यमाथि रहेको हुन्छ। ती दायित्वहरू राज्यले पूरा गरे-नगरेको बारेमा निगरानी गरी जिम्मेवारी बहन नगरेको अवस्थामा राज्यलाई उत्तरदायी बनाउने जिम्मेवारी आयोगको काँधमा रहेको छ। मानव अधिकार अवस्थाको अनुगमन, अनुसन्धान, मानव अधिकार शिक्षाको प्रवर्द्धन, वकालत र कानुनहरूको पुनरावलोकन लगायतका माध्यमबाट यी कार्यहरू सम्पन्न हुँदै आएका छन् । यसरी सम्पादित भएका कार्यक्रममार्फत प्राप्त निष्कर्षको आधारमा राज्य, सरकार वा सरोकारवालाहरूलाई कार्यान्वयनको लागि आयोगले सिफारिस गर्दै आएको छ।

नेपालको संविधानको धारा २९४ (१) मा संवैधनिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ। प्रतिवेदनमा विशेषतः आयोगमा वर्षभरिमा परेका उजुरी, उजुरीउपर छानबिन, अनुसन्धान विवरण, सरकारलाई गरेका सिफारिस सम्बन्धमा उल्लेख छ। यसको साथै मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी विवरणहरू प्रतिवेदनमा समावेश छन् ।

विगतमाझैँ आयोगले यस वर्ष पनि मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि उजुरी ग्रहण, अनुगमन र अनुसन्धान गर्दै आएको छ । यसको साथै तालिम, गोष्ठी, अन्तरक्रिया, छलफलजस्ता संवर्द्धनसम्बन्धी कार्यक्रम भएका छन् । मानव

अधिकारसम्बन्धी कानुनहरूको पुनरावलोकन, विभिन्न विषयगत प्रतिवेदन, पुस्तिका र जर्नल प्रकाशन, प्रेस नोट र प्रेस विज्ञप्ति जारी हुँदै आएको छ । सञ्चारमाध्यममार्फत मानव अधिकारसम्बन्धी सार्वजनिक सरोकारका सन्देशमूलक सामग्रीहरू प्रकाशन र प्रसारण भइरहेका छन् ।

मानव अधिकार संस्कृति विकासको लागि आवश्यकता र औचित्यताको आधारमा आयोगले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सरोकारवालाहरूसँग सहकार्य र समन्वयमा कार्य गर्दै आएको छ । विशेषतः राष्ट्रपतिको कार्यालय, नेपाल सरकार, अन्य संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैसस एवं मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था र दातृ निकायहरूसँग सहकार्य निरन्तर चलिरहेको छ ।

नेपाल मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र हो । संविधान तथा कानुन निर्माणमा मानव अधिकारका विषयलाई प्राथिमिकतामा राखिएको छ । मानव अधिकार राष्ट्रिय कार्ययोजनाको निर्माण भई कार्यान्वयनको क्रममा रहेको छ । मानव अधिकारका प्रावधानलाई कार्यान्वयन तहमा लैजान विभिन्न संयन्त्रहरू निर्माण भई कार्यहरू हुँदै आएका छन् । जसलाई सरकार र व्यवस्थापिकाबाट भएका  सकारात्मक कार्यको रूपमा लिनुपर्दछ । सबै राजनीतिक दलको सहभागितामा स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन उत्साहपूर्ण रूपमा सम्पन्न भएको छ । तीन वटै तहमा सरकार निर्माण भई कार्य आरम्भ भइसकेको स्थिति छ । राष्ट्रपति र उपराष्ट्रपति, सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षको पनि निर्वाचन सम्पन्न भइसकेको छ  यसबाट संविधान कार्यान्वयनको आरम्भ भएको अनुभूति गर्न सकिन्छ । संविधानतः मौलिकहकसम्बन्धी कानुन र गठन गर्ने भनिएका मानव अधिकारसँग सम्बन्धित आयोगका लागि ऐन पनि निर्माण भैसकेका छन् ।

यी सकारात्मक प्रयत्नका बावजूद् पनि मानव अधिकारको संरक्षणमा प्रशस्त चुनौतीहरू देखिएका छन् । अहिले पनि मानव अधिकारको समग्र अवस्था सन्तोषजनक छैन । संविधानतः गठन गरिएका आयोग र मानव अधिकार आयोगबीचको क्षेत्राधिकारकाबारेमा प्रश्नहरू उठेका छन् । शान्ति-प्रक्रिया सुरु भएको दशक नाघिसक्दा पनि अझै पीडितले न्याय पाउन नसक्नु दुखद् पक्षहो । मौलिक हकसँग सम्बन्धित कानुनको निर्माणभन्दा

पनि कार्यान्वयन पक्षमा जटिलता देखिने अवस्था देखिन्छ । संविधानतः प्रदत तीन तहबीचको साझा अधिकारबीच स्पष्टता हुन बाँकी नै देखिन्छ ।

नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायत अन्य मानव अधिकारको कार्यान्वयन अवस्था वान्छित रूपमा प्रगति उन्मुख हुन सकेको छैन । निर्वाचनमा बालबालिकाको प्रयोग, समाजमा जातीय भेदभावको विद्यमानता, स्वास्थ्य सेवामा सबैको पहुँच नहुनुबाट संविधान प्रदत हक अझै सहज वातावरण बन्न नसकेको आभास हुन्छ । वैदेशिक रोजगारमा गएकाहरूमाथि भएको श्रम शोषण, बढ्दो घरेलु हिंसा आदि कारण जनजीवनमा असहज अवस्थामा छ । सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, जेष्ठ नागरिक, आप्रवासी कामदारको अधिकारको विषयमा राज्यले विशेष ध्यान दिनु पर्ने देखिन्छ, सो हुन सकेको छैन । फलतः ती वर्ग एवं समुदायका अधिकारहरू सुरक्षित हुन सकेका छैनन् । त्यसै बाढी र भूकम्पबाट प्रभावितहरूको अवस्थामा उल्लेखनीय सुधार आएको छैन ।

यस आवमा आयोगले गरेको मानव अधिकारको संरक्षण र सम्वर्द्धनात्मक लगायतका कार्यहरूबाट विभिन्न उपलब्धिहरू हासिल गरेको छ । यस आवमा आयोगमा जम्मा १५२ उजुरीहरू दर्ता भएका छन् । पुराना र नयाँ गरी ३५० उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ भने ४६३ पटक अनुगमन भएको छ । आयोगबाट “सबैको लागि घर-घरमा मानव अधिकारः शान्ति र विकासको आधार” भन्ने आव्हानलाई साकार पार्न मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखी ३२४ वटा संवर्द्धनसम्बन्धी कार्यहरू भएकोमा सहकार्य र समन्वयमा ३७ कार्यक्रम रहेका छन् । यस्तै मानव अधिकारसँग आबद्ध सङ्घसंस्थाद्वारा आयोजित २६९ वटा कार्यक्रममा श्रोत व्यक्ति/विषय विज्ञ, प्रमुख अतिथि/अतिथि र सहभागीको रूपमा उपस्थिति जनाएको छ । दक्षिण एसियामा दण्डहीनताको चुनौती र मानव अधिकार अवस्थाको समीक्षा साथै आगामी रणनीतिका सम्बन्धमा तीन दिने छलफल सम्पन्न भएको थियो । यस्तै मानव अधिकारसम्बन्धी विभिन्न सामग्री तथा वृत्तचित्र निर्माण, प्रकाशनको काम पनि आयोगबाट निरन्तर भइरहेको छ । आयोगबाट आन्तरिक रूपमा तालिम, गोष्ठी, अन्तर्क्रिया आदि ५९ कार्यक्रम सम्पन्न भएका छन् ।

यस अविधमा आयोगबाट १४ वटा प्रकाशन, ५० प्रेस विज्ञप्ति र १६ वटा प्रेस नोट जारी भएको छन् भने तीन वटा पत्रकार सम्मेलन भएको छ । यसको साथै कानुन निर्माणमा सरकार एवं सरोकारवाला निकायहरूलाई सहयोग पुऱ्याउन मानव अधिकारको दृष्टिकोणबाट कानुनको पुनरावलोकन गरी सम्बद्ध निकायमा कार्यान्वयनको लागि पठाएको छ । आयोगमा कर्मचारी व्यवस्थापन कार्यले पनि गति लिएको छ । यी यस अवधिमा आयोगले गरेका प्रमुख उपलब्धि हुन् ।

उल्लिखित यी प्राप्त उपलब्धिका बाबजुद् पनि आयोग चुनौतीभन्दा बाहिर छैन । दण्डहीनताको अवस्था अहिले पनि विद्यमान छ । आयोगका सिफारिस कार्यान्वयन नहुनु, सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनु, कानुनी अपर्याप्तता, भूकम्पबाट क्षतिग्रस्त आयोगको भवन अझैं बन्न नसक्नुबाट भौतिक पूर्वाधारको अभावमा समेत आयोगले काम गर्नुपरेको अवस्था छ । यी चुनौतीलाई सम्बोधन गर्न आयोगले सरकार एवं सरोकारवालाहरूलाई घच्घच्याइरहेको छ । यी उपलब्धि र चुनौतीका बीच आयोग सविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित भई विगतबाट अनुभव हासिल गर्दै आफ्ना कामकारबाहीहरूलाई समयानुकूल अगाडि बढाउने कटिबद्ध छ ।

अन्त्यमा, आयोगलाई पुऱ्याएको सहयोग र सद्भावप्रति राष्ट्रपति कार्यालय, संसद्, सरकार, राजनीतिक दल, नागरिक समाज, मानव अधिकार समुदाय, सञ्चारजगत, पेशाव्यवसायी सबैप्रति आभार व्यक्त गर्दछु । त्यसैगरी अन्तर्राष्ट्रिय सङ्घसंस्था, कुटनीतिक निकाय, दातृ निकायप्रति पनि धन्यवाद ज्ञापन गर्दछु । मेरा सहकर्मी माननीयहरू, आयोगका सचिव एवं सम्पूर्ण कर्मचारीहरूप्रति पनि कृतज्ञ छु । आयोगका वार्षिक गतिविधिहरूलाई समेटी सङ्क्षिप्त प्रतिवेदनको रूप दिन संयोजन/लेखन कार्यमा संलग्न मानव अधिकार अधिकृत श्री कैलाशकुमार सिवाकोटीलाई विशेष धन्यवाद प्रकट गर्दछु । प्रतिवेदन लेखनको लागि सहयोग पुऱ्याउनुहुने मानव अधिकार अधिकृत नवराज सापकोटा र सुरक्षा अधिकृत बाबुकाजी केसी पनि धन्यवादका पात्र हुनुहुन्छ । आगामी दिनमा पनि सबै पक्षबाट निरन्तर सहयोगको अपेक्षा एवं विश्वाससहित आफ्नो भनाइ अन्त्य गर्दछु ।

**अनूप राज शर्मा**
**(अध्यक्ष)**

# सङ्क्षिप्त रूप

| | |
|---|---|
| अअ | - अनुसन्धान अधिकृत |
| आसासांअ | - आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| इप्रका | - इलाका प्रहरी कार्यालय |
| उअ | - उच्च अदालत |
| उम | - उपमहानगरपालिका |
| ऐ | - ऐजन |
| ऐऐ | - ऐजन-ऐजन |
| उमनपा | - उपमहानगरपालिका |
| उमावि | - उच्च माध्यमिक विद्यालय |
| उवाम | - उद्योग वाणिज्य महासङ्घ |
| काजि | - काठमाडौँ जिल्ला |
| कामनपा | - काठमाडौँ महानगरपालिका |
| केका | - केन्द्रीय कार्यालय |
| कोलेनिका | - कोष तथा लेखा नियन्त्रण कार्यालय |
| गापा | - गाउँपालिका |
| गाविस | - गाउँ विकास समिति |
| गैसस | - गैरसरकारी संस्था महासङ्घ |
| चन | - चलानी नम्बर |
| जक | - जबरजस्ती करणी |
| जिअ | - जिल्ला अस्पताल |
| जिजका | - जिल्ला जनस्वास्थ्य कार्यालय |
| जिशिअ | - जिल्ला शिक्षा अधिकारी |
| जिशिका | - जिल्ला शिक्षा कार्यालय |
| जिसस | - जिल्ला समन्वय समिति |
| नपा | - नगरपालिका |

| | |
|---|---|
| नविस | - नगर विकास समिति |
| निक्षेनि | - निमित्त क्षेत्रीय निर्देशक |
| नेकपा (एमाले) | - नेपाल कम्युनिष्ट पार्टी (एकीकृत लेनिनवादी-माओवादी) |
| नेकपा (माओवादी केन्द्र) | - नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द |
| नेका | - नेपाली काङ्ग्रेस |
| नेपम | - नेपाल पत्रकार महासङ्घ |
| नं | - नम्बर |
| प्रअ | - प्रधानाध्यापक |
| प्रज | - प्रहरी जवान |
| प्रजिअ | - प्रमुख जिल्ला अधिकारी |
| प्रस | - पत्र सङ्ख्या |
| प्रसनि | - प्रहरी सहायक निरीक्षक |
| प्रह | - प्रहरी हवल्दार |
| प्रावि | - प्राथमिक विद्यालय |
| भूपू | - भूतपूर्व |
| मनपा | - महानगरपालिका |
| मबाका | - महिला तथा बालबालिका कार्यालय |
| मविअ | - महिला विकास अधिकृत |
| मा | - माननीय |
| मावि | - माध्यमिक विद्यालय |
| राप्रपा | - राष्ट्रिय प्रजातन्त्र पार्टी |
| रु. | - रुपियाँ |
| वप्रका | - वडा प्रहरी कार्यालय |
| क्षेका | - क्षेत्रीय कार्यालय |
| क्षेनि | - क्षेत्रीय निर्देशक |

# विषयसूची


**विषय** **पेज नं.**

आयोगको वार्षिक कार्य-विवरण : झलक १

**परिच्छेद – एक**

आयोग र साङ्गठनिक संरचना ४

**परिच्छेद – दुई**

संरक्षणसम्बन्धी कार्यहरू ७

**परिच्छेद – तीन**

संवर्द्धनसम्बन्धी कार्यहरू १३

**परिच्छेद – चार**

आयोग र सरोकारवाला निकायहरूबीच सम्बन्ध १६

**परिच्छेद – पाँच**

उपलब्धि, चुनौती, समाधानका सम्भावित उपाय र भावी कदमहरू २४

## आयोगको वार्षिक कार्य–विवरण : झलक

| क्र.स. | कामको प्रकृति | सङ्ख्या | विषय | कैफियत |
|---|---|---|---|---|
| **१. मानव अधिकार संरक्षण** | | | | |
| १.१ | उजुरी | १५२ | • राजनीतिक तथा नागरिक अधिकार<br>• आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार<br>• यातनाविरुद्धको अधिकार<br>• महिला अधिकार<br>• बाल अधिकार<br>• जातीय विभेदविरुद्धको अधिकार<br>• व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको अधिकार<br>• आप्रवासी कामदार र तिनका परिवारको अधिकार<br>• अन्यः ज्येष्ठ नागरिकको अधिकार, शरणार्थीको अधिकार, मानव बेचबिखन, वातावरणको अधिकार आदि | |
| १.२ | अनुगमन | ४६३ | • राजनीतिक तथा नागरिक अधिकारः समग्र मानव अधिकार अवस्था, स्थानीय, प्रदेश र सङ्घको निर्वाचन र मानव अधिकार, कैदीबन्दीहरूको अधिकार, न्यायप्रशासन आदि<br>• आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारः स्वास्थ्यको अधिकार, सीमा क्षेत्रका वासिन्दाहरूको मानव अधिकार, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो / भूकम्प) बाट विस्थापितहरूको अधिकार आदि<br>• जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसङ्ख्यक/ सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अधिकार मानव बेचबिखनको अवस्था आदि | जम्मा ४६३ अनुगमन भएकोमा ११ वटा सहकार्य र समन्वयमा सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| १.३ | अनुसन्धान | ३५० | • नागरिक तथा राजनीतिक अधिकारः जीवनको अधिकार, यातना, बेपत्ता<br>• आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारः विस्थापित, पुनःस्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति<br>• महिला अधिकार, बाल अधिकार आदि | |
| १.४ | निर्णय / सिफारिस | ३३५ | राजनीतिक तथा नागरिक अधिकार, न्याय-प्रशासन, अपहरण, विस्थापित, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातना, जातीय विभेद, महिला अधिकार आदि | |
| **२. मानव अधिकार संवर्द्धन** | | | | |
| २.१. | प्रशिक्षण, अन्तर्क्रिया, छलफल, गोष्ठी, तालिम, सचेतना, प्रभातफेरि, प्रदर्शनी आदि | ३२४ | शान्तिसुरक्षा र मानव अधिकार, निर्वाचन र मानव अधिकार, बेपत्ता पारिएका व्यक्तिको अधिकार, सङ्क्रमणकालीन न्याय, खाद्य अधिकार, नेपाल सरकारको चौथो राष्ट्रिय मानव अधिकार कार्ययोजना, स्थानीय तहमा विवाद निरूपण, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, बाल अधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, मानसिक स्वास्थ्य अधिकार, ज्येष्ठ नागरिकको अधिकार, अल्पसङ्ख्यको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको अधिकार, सामूहिक अधिकार, प्रतिवेदन लेखन आदि | |
| २.२ | समन्वय र सहकार्यमा संवर्द्धनसम्बन्धी कार्यक्रम | ३७ | न्यायिक कामकारबाही, महिला अधिकार, बाल अधिकार, शिक्षाको अधिकार, खाद्य अधिकार, मानसिक स्वास्थ्य, सङ्क्रमणकालीन न्याय, मानव बेचबिखनविरुद्धको अधिकार, जातीय विभेदविरुद्धको अधिकार, मानव अधिकार, विकास र सुशासन, मानव अधिकार र सामाजिक न्याय, आप्रवासी कामदार हरूको अधिकार, विवाद निरूपणमा स्थानीय तहको भूमिका, विद्यालय शान्तिक्षेत्र, युपिआर कार्यान्वयन अवस्था, ज्येष्ठ नागरिक, उपभोक्ताको अधिकार, पानीको अधिकार आदि | जम्मा ३७ वटा कार्यक्रम सहकार्य र समन्वयमा सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| २.३ | विशेषज्ञ सेवा (स्रोत व्यक्ति) प्रदान | ६६ | सरकारी तथा मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाबाट आयोजित कार्यक्रम | |
| २.४ | अथिति/ अन्य कार्यक्रममा सहभागिता | २०३ | सरकारी तथा मानव अधिकारको क्षेत्रमा कार्यरत गैससबाट आयोजित कार्यक्रम | |
| २.५ | आयोगका आन्तरिक कार्यक्रम | ५९ | तालिम, गोष्ठी, छलफल, समीक्षा | |
| ३. **प्रकाशन** | | | | |
| ३.१ | | १ | वार्षिक प्रतिवेदन | |
| ३.२ | | १३ | निर्वाचन विशेष, छाउपडी अवस्था, किसानको अधिकार, मानव अधिकार रक्षक, अपाङ्गता भएका व्यक्तिहरूको अवस्था, सिफारिस कार्यान्वयन र पीडितको अवस्था आदि | |
| ३.३ | | ४ | मानव अधिकार संवाहक | |
| ३.४ | | ३ | | |
| ३.५ | | ५० र १६ | मानव अधिकारका विविध विषयहरू | |
| ३.६ | | ३ | विस्तृत शान्ति सम्झौता र मानव अधिकार अवस्था र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन | |
| ४. **मानव संसाधन** | | | | |
| ४.१ | अध्यक्ष/ सदस्य | १/४ | | |
| ४.२ | कर्मचारी | १९७ | आयोगका सम्पूर्ण कार्यालयमा कार्यरत | |

# परिच्छेद–एक

## आयोग, साङ्गठनिक संरचना र काम, कर्तव्य र अधिकार

### १.१ आयोगको पृष्ठभूमि

आधुनिक मानव अधिकारको विकास दोस्रो विश्वयुद्धपछि भए पनि राष्ट्रिय र क्षेत्रीय स्तरमा यसको विकास त्यसभन्दा अगाडि भएको मानिन्छ। नेपालमा मानव अधिकारका विषयहरू नेपाल सरकार वैधानिक कानुन २००४ बाट सम्बोधन भएको मान्न सकिन्छ। नेपाल अधिराज्यको संविधान, २०१५ तथा नेपालको संविधान, २०१९ मा मौलिक हकको रूपमा मानव अधिकारका आधारभूत तर सीमित प्रावधान राखिएका थिए। मानव अधिकारको प्रत्यक्ष संरक्षण र संवर्द्धन सम्बन्धमा कार्यान्वयनसम्बन्धी संयन्त्रको विकास गरिएको थिएन। पहिलो जननिर्वाचित सरकारलाई अपदस्थ गरी २०१७ मा राजतन्त्रात्मक पञ्चायती शासनव्यवस्था लागू गरियो। करिब ३० वर्षसम्म चलेको सो शासन-व्यवस्थामा दलीय स्वतन्त्रालाई बन्देज लगाइएको थियो। त्यस विषम परिस्थितिमा पनि न्यायिक निकायबाट मानव अधिकारको संरक्षण एवं संवर्द्धन हुने प्रकृतिका कतिपय विशेष फैसलाहरू भएका थिए।

पञ्चायती व्यवस्थाको अन्त्यपछि जारी नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा पहिलोपटक मानव अधिकारको विषयलाई समावेश गरियो। त्यसपछि नेपालको अन्तरिम संविधान, २०६३ र वर्तमान संविधानमा पनि यसले निरन्तरता पाएको छ। नेपालको संविधानको मौलिक हकसम्बन्धी भागमा विगतका संविधानमा उल्लेख भएका अधिकारसहित थप आर्थिक तथा सामाजिक अधिकारहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ। मौलिक अधिकारको प्रचलनमा अवरोध आएको खण्डमा असाधारण क्षेत्राधिकारअन्तर्गत न्यायिक निकायबाट उपचार पाउने स्पष्ट व्यवस्था संविधानमा नै गरिएको छ।

सन् १९९३ मा भियनामा मानव अधिकारको दोस्रो विश्व सम्मेलन सम्पन्न भयो। नेपालको समेत सहभागिता रहेको उक्त सम्मेलनले घोषणापत्र तथा कार्ययोजना जारी गर्दै संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाई स्वतन्त्र र स्वायत्त मानव अधिकारसम्बन्धी

राष्ट्रिय निकाय स्थापना गर्न आह्वान गऱ्यो। लामो समयसम्म नेपालमा मानव अधिकारसम्बन्धी राष्ट्रिय निकायको स्थापना हुन सकेन। परिणामतः त्यस्तो निकायको स्थापनाको माग गर्दै अधिकारकर्मी, कानुन-व्यवसायी, सञ्चारजगत, नागरिक समाज, बौद्धिक समुदाय तथा पेसागत सङ्घसंस्थाहरूबाट विभिन्न कार्यक्रमहरू हुन थाले। तत्कालीन प्रतिनिधिसभाका सदस्यहरूबाट पेस भएको प्राइभेट विधेयकले ऐनको स्वरूप प्राप्त गरेपछि मानव अधिकार आयोग ऐन, २०५३ जारी भयो। ऐन जारी भएको करिब चार वर्षसम्म पनि राष्ट्रिय निकायको गठन हुन सकेन। यसबीचमा नागरिक समाजको शान्तिपूर्ण आन्दोलन, अन्तर्राष्ट्रिय समुदायको चासो र सर्वोच्च अदालतको परमादेशको आदेश जारी भयो। अन्ततः २०५७ साल जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भयो।

ऐनद्वारा स्थापित आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ द्वारा संवैधानिक अङ्गका रूपमा स्तरोन्नति गरियो। नेपालको मौजुदा संविधानले उक्त व्यवस्थालाई निरन्तरता दिएको छ। संविधानको धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेश तोकिएको छ। सो कार्यादेशबमोजिम आयोगले वर्षभर गरेका कार्यहरूको वार्षिक प्रतिवेदन पेस गर्ने दायित्व धारा २९४ मा उल्लेख छ। उल्लिखित व्यवस्थाबमोजिम मूलतः आयोगमा परेका उजुरी, उजुरीउपर गरिएका छानबिन र अनुसन्धानको विवरण र नेपाल सरकारलाई गरिएका सिफारिस समावेश गरिएको छ। यसको साथै मानव अधिकारको संरक्षण र संवर्द्धनको सम्बन्धमा भविष्यमा गरिनुपर्ने सुधारसम्बन्धी विषयसमेत प्रतिवेदनमा समावेश गरिएको छ। सम्मानीय राष्ट्रपतिसमक्ष पेस गर्न र सो प्रतिवेदनमाथि सङ्घीय संसद्मा छलफल गर्ने प्रयोजनका लागि समेत प्रतिवेदन तयार गरिएको हो।

### १.२. साङ्गठनिक संरचना

मानव अधिकारसम्बन्धी निकायहरूको गठन, स्वतन्त्रता तथा स्वायत्ततासम्बन्धी अन्तर ाष्ट्रिय मार्गदर्शन १९९३ (जसलाई पेरिस सिद्धान्त भनिन्छ) र नेपालको संविधानको धारा २४८ र २९३ अनुरूप स्थापित राष्ट्रिय मानव अधिकार आयोग एक स्वतन्त्र र स्वायत्त निकाय हो। संविधानको धारा २८३ ले संवैधानिक अङ्ग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिनेछ भनी उल्लेख गरेको छ। संविधानको

धारा २४८ बमोजिम आयोगमा अध्यक्ष एक र चार जना सदस्य गरी पाँच जना पदाधिकारी रहने प्रावधान छ। हाल आयोगअन्तर्गत एक केन्द्रीय कार्यालय, पाँच क्षेत्रीय र तीन उपक्षेत्रीय गरी नौवटा कार्यालय क्रियाशील छन् ।[1] सङ्घीय मान्यताअनुसार निर्माण गरिएको आयोगको नयाँ साङ्गठनिक संरचना नेपाल सरकारको स्वीकृतिपश्चात् कार्यान्वयनमा आउनेछ। आयोगका सबै कार्यालयका लागि ३०९ जना कर्मचारीको दरबन्दी रहेकोमा यस आवमा कर्मचारी सङ्ख्या १९७ रहेको छ। यस आवमा आयोगमा कार्यरत आयोगका पदाधिकारी र कर्मचारीहरूको विवरण र आयोगको साङ्गठनिक संरचना क्रमशः अनुसूची एक र दुईमा राखिएको छ।

## १.३. आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २४९ मा 'मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ' भनी उल्लेख गरिएको छ। मानव अधिकारको संवर्द्धन र संरक्षण गर्नु राज्यको प्राथमिक दायित्व मानिन्छ। राज्यले यस दायित्व सन्तोषजनक रूपमा निर्वाह नगरेको अवस्थामा आयोग राज्यलाई सजग र उत्तरदायी बनाउन प्रयत्नशील रहिआएको छ। आयोगले संविधान र ऐनमा उल्लिखित कार्यदेशभित्र रही आफ्ना गतिविधिहरूलाई नियमित गर्दै आएको छ। आयोगबाट विशेषतः मानव अधिकार संरक्षणअन्तर्गत उजुरी ग्रहण, उजुरीमाथि अनुसन्धान, मानव अधिकार उल्लङ्घनका दोषीउपर कारबाही तथा मुद्दा चलाउन सिफारिसलगायतका कार्यहरू हुँदै आएका छन्। मानव अधिकारको संवर्द्धनका सम्बन्धमा आयोगले सचेतना अभिवृद्धि गर्ने, तालिम, प्रशिक्षण दिने, गोष्ठी तथा सभा-सम्मेलनमार्फत वकालती कार्यक्रम आयोजना गर्ने, नागरिक समाजसँग समन्वय र सहकार्य गर्दै आएको छ। आयोगका सिफारिस कार्यान्वयन नगर्ने पदाधिकारी वा व्यक्तिको नाम आयोगले सार्वजनिक गर्न सक्ने संवैधानिक व्यवस्थाको कार्यान्वयनप्रति आयोगमा छलफल निरन्तर चलिरहेको छ। यसका साथै आयोगबाट मानव अधिकारसँग सम्बन्धित कानुन निर्माण तथा संशोधन गर्न र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको नेपाल पक्ष बन्नुपर्ने कारणसहित सरकारसमक्ष सिफारिस गर्दै आएको छ।

१ आयोगको मिति २०७५ असार ८ गते बसेको बैठकले सङ्घीय संरचनालाई मध्यनजर गरी सोहीअनुरूप आयोगको साङ्गठनिक परिवर्तन गरी स्वीकृतिको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाएको छ। जसमा प्रदेश कार्यालय र प्रदेश शाखा कार्यालयको व्यवस्था गरिएको छ।


# परिच्छेद–दुई

**संरक्षणसम्बन्धी कार्यहरू**

आयोगबाट मानव अधिकार संरक्षणका लागि उजुरी ग्रहण, अनुगमन, अनुसन्धान, सिफारिसलगायतका कार्यहरू हुँदै आएका छन् ।

**उजुरीसँग सम्बन्धित कार्यहरू**

आयोगले मानव अधिकार संरक्षण र संवर्द्धनका लागि संविधान, ऐन एवं नियमको परिधिभित्र रही मानव अधिकार उल्लङ्घन वा दुरुत्साहनसम्बन्धी घटनामा स्वविवेकीय रूपमा र अन्य माध्यमबाट उजुरी ग्रहण गर्दै आएको छ। यसप्रकारका उजुरी पीडित, पीडितको परिवार, सङ्घसंस्था, व्यक्ति वा सञ्चार-माध्यममा सम्प्रेषित समाचारका आधारमा लिइन्छ। यसरी आयोगबाट प्राप्त उजुरीमाथि अनुगमन, अनुसन्धान एवं छानबिन गरी क्षतिपूर्ति र आवश्यक कानुनी कारबाहीका लागि सरकार वा सरोकारवाला निकायसमक्ष सिफारिस हुँदै आएको छ। यस वर्ष आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूमा जम्मा १५२ उजुरीहरू दर्ता भएका छन् ।





आयोगमा परेका उजुरीका विषयहरूमा राजनीतिक तथा नागरिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, यातनासँग सम्बन्धित छन्। प्राप्त उजुरीको प्रकृति हेर्दा न्याय-प्रशासन, जीवनको अधिकार, शान्तिपूर्वक सभासम्मेलन गर्न पाउने अधिकार आदि छन्। त्यसैगरी स्वास्थ्य, शिक्षा र रोजगारी, आवास, वातावरणको

हकसँग जोडिएका छन् । यातनाविरुद्धको अधिकार, महिला अधिकार, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेदविरुद्धको अधिकार, ज्येष्ठ नागरिकका अधिकारलगायतका विषयसँग सम्बन्धित उजुरीहरू दर्ता हुन आएका छन् ।

**क्षेत्रगत आधारमा परेका उजुरीहरू**

यस आर्थिक वर्षमा जम्मा १५२ उजुरीहरू दर्ता भएकोमा सबैभन्दा बढी उक्षेका सानेपा ललितपुरमा ४०, केका ललितपुरमा ३२ उजुरी परेका छन् ।




सबैभन्दा कम क्षेका नेपालगन्जमा एक र उक्षेका खोटाङ र जुम्लामा चार-चारवटा रहेका छन् । त्यसैगरी क्षेका विराटनगरमा २६, उक्षेका बुटवलमा २२, जनकपुरमा नौवटा उजुरी दर्ता भएका छन् । क्षेका धनगढी र पोखरामा सात-सातवटा उजुरी रहेका छन् ।

**नौ महासन्धिमा आधारित उजुरीहरू**

नौ महासन्धिमा आधारित उजुरीको प्रकृति हेर्दा यस आवमा आयोगमा नागरिक तथा राजनीतिक अधिकार ८० र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उल्लङ्घन भएको भनी १३ वटा छन् । यातनाविरुद्धको अधिकार १४, बाल अधिकार ८, महिला अधिकार १५, आप्रवासी कामदारकाको अधिकार हनन ११, भेदभावविरुद्ध ४, व्यक्ति बेपत्ताविरुद्धको अधिकारमा २ उजुरी छन् । अन्य (ज्येष्ठ नागरिक अधिकार हनन ३, मानव बेचबिखन र शरणार्थीको अधिकार १-१) अधिकार हनन भएको भनी गरी जम्मा १५२ उजुरी दायर हुन आएका छन् ।

**विषयगत आधारमा परेका उजुरीहरू**

यस वर्ष न्याय प्रशासनमा सबैभन्दा बढी ३८ र जीवनको अधिकार हनन भएको भनी १९ उजुरी परेका छन् । यातनाविरुद्धको अधिकारमा १४, आप्रवासी कामदारको अधिकार हनन ११, धम्की र दुर्व्यवहारमा ७-७ रहेका छन् । बाल अधिकार हनन आठ, स्वतन्त्रता/सभा-सम्मेलनको अधिकार, विभेदविरुद्ध अधिकार चार-चार छन् । ज्येष्ठ नागरिकका अधिकार तीन, स्थिति अज्ञातमा दुई उजुरी छन् । महिला हिंसा नौ, कार्यस्थलमा महिलाप्रति दुर्व्यवहार, बोक्सीको आरोपमा कुटपिटमा दुई-दुई उजुरी परेका छन् । मानव बेचबिखन एक र शरणार्थी, कैदीबन्दी, विस्थापित, आवास, शिक्षा, उपभोक्ता, स्वच्छ वातावरणको हक हनन सम्बन्धमा एक-एकवटा उजुरी दायर भएका छन् ।


आयोगले मानव अधिकार हनन भएको भनिएका घटनाहरूको सम्बन्धमा आवश्यक परामर्श पनि प्रदान गर्दै आएको छ। आयोगको क्षेत्राधिकारभित्र नपर्ने उजुरीउपर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउनुका साथै उनीहरूलाई यथोचित परामर्श दिएको अवस्था छ । यस आवमा आयोगले १३८ पटक परामर्श सेवा उपलब्ध गराएको देखिन्छ ।

**मानव अधिकार अनुगमन**

मानव अधिकारको संरक्षणका लागि आयोगले आफैँद्वारा एकल रूपमा र आयोगसहित सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा अनुगमन गर्दै आएको छ। आयोगको अनुगमन महाशाखाले मानव अधिकारसँग प्रत्यक्ष एवं परोक्ष घटनामा अनुगमन गर्ने गर्दछ । यसको साथै विषयगत महाशाखा, शाखा र एकाइबाट पनि एकल र सहकार्यमा अनुगमन हुने गर्दछ । मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा राष्ट्रिय कानुनले व्यवस्था गरेका हक-अधिकार, राज्यका नीतिनिर्देशन, मानव अधिकार राष्ट्रिय कार्ययोजना आदि विषयमा कार्यान्वयनको अवस्थालाई ध्यानमा राखी अनुगमन हुँदै आएको छ। आवश्यकता, परिस्थिति, विषयवस्तुको गाम्भीरता आदिका आधारमा नियमित र आकस्मिक रूपमा अनुगमन हुने गर्दछ ।

यस आवमा भएका अनुगमनका विषयहरूमा नागरिक तथा राजनीतिक अधिकार; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार; महिला र बालबालिका यातनाविरुद्धको

अधिकार आदि रहेका छन् । नागरिक तथा राजनीतिक विषयमा समग्र मानव अधिकार अवस्था, मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन, कैदीबन्दीहरूको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुनालगायत छन् । त्यसैगरी आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारमा अस्पताल एवं स्वास्थ्य अवस्था, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो/भूकम्प) बाट विस्थापितहरूको अधिकार आदि छन् । यसको साथै जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसङ्ख्यक/सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अधिकार मानव बेचबिखनको अवस्थालगायतका विषयमा पनि अनुगमन भएको छ। यस अलवा आयोगले विशेष प्राथमिकताका साथ सीमा क्षेत्रमा रहेका बासिन्दाहरूको मानव अधिकार अवस्थाका सम्बन्धमा पनि अनुगमन गरेको छ। अनुगमनसम्बन्धी प्रतिवेदन प्रकाशनको तयारी भइरहेको छ। विषयको गाम्भीर्य र आवश्यकताका आधारमा माननीय एवं विज्ञहरू पनि अनुगमन टोलीमा रहनुभएको अवस्था छ।





यस आर्थिक वर्षमा आयोगले मानव अधिकारसँग सम्बन्धित विभिन्न विषयलाई लिएर जम्मा (४०९ र ५५) ४६३ पटक अनुगमन गरेको छ। जसमा सबैभन्दा बढी नेपालगन्ज ७८, विराटनगर ६९ र बुटवल ५३ रहेका छन्। त्यसैगरी केन्द्रीय कार्यालयबाट ४२, पोखरा ३७, धनगढी ३४ र जनकपुर ३१ रहेका छन्। उपक्षेत्रीय कार्यालयहरूबाट क्रमशः सानेपाले २६, जुम्लाले २३ र खोटाङले १५ पटक अनुगमन गरेको देखिन्छ।

यसबाहेक सन्धि अनुगमन महाशाखाबाट ४० पटक अनुगमन भएको अवस्था छ। त्यसैगरी विषयगत महाशाखा, शाखाबाट पनि विषय केन्द्रित भई ५५ अनुगमन सम्पन्न भएका छन् ।

यस आवमा आयोगले मानव अधिकारका मुद्दाहरूमा सरकारी र मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्यमा ११ वटा अनुगमन गरेको छ। यसरी सहकार्य गरिएका सरकारी निकायहरूमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका कार्यालय, जिल्ला बाल कल्याण समिति आदि रहेका छन् । त्यसैगरी गैससमा महिला पुनर्स्थापना केन्द्र (ओरेक), किर्डाक नेपाल र सेभ द चिल्ड्रेनलगायतका संस्था छन् ।

**मानव अधिकार अनुसन्धान**

मानव अधिकार उल्लङ्घन र दुरुत्साहनका घटनासम्बन्धमा आयोगले संविधान, ऐन, नियमको परिधिभित्र रही अनुसन्धान कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउँदै आएको छ। यस अवधिमा पनि विगत वर्षहरू र यस आवमा प्राप्त उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ। यस आवमा आयोगबाट नयाँ र पुराना गरी जम्मा ३५० उजुरीमाथि अनुसन्धान भएको देखिन्छ।




आयोगको केकाअन्तर्गत अनुसन्धान महाशाखा र आयोगका कार्यालयहरूबाट अनुसन्धान हुँदै आएको छ। यस आवमा सबैभन्दा बढी क्षेका जनकपुर ८१, केन्द्रीय कार्यालय ५६ र उपक्षेत्रीय कार्यालय सानेपा र बुटवल ३८-३८ तथा जुम्ला २८ रहेका छन्। त्यसैगरी क्षेका विराटनगर र पोखरा २६-२६, धनगढी २३ र खोटाङ्बाट २१ र

क्षेका नेपालगन्जमा १३ उजुरीमाथि अनुसन्धान भएको छ । यसरी अनुसन्धान गरिएका कतिपय उजुरीहरू सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन्; जसमा नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत जीवनको अधिकार, यातना र बेपत्ता रहेका छन् । त्यसैगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा विस्थापित, पुनःस्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, महिला र बालबालिकाको अधिकार आदि छन् ।


यस आवमा आयोगका कार्यालयहरूबाट विगत वर्ष र यस आवमा पुराना र नयाँ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको भनी २१९ फायल निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाएको देखिन्छ ।

यस आवमा आयोगबाट अनुसन्धान सम्पन्न भएका जम्मा ३३५ वटा उजुरीको निरूपण भएको छ, जसमा उजुरीगत ९२ र नीतिगत १३ गरी जम्मा १०५ सिफारिस भएका छन् । त्यसैगरी तामेली १६४, खारेजी ३२ र टुङ्ग्याउने एक रहेका छन् । जम्मा ३३ उजुरी अङ्ग पुऱ्याई पुनः पेस गर्नुपर्ने भनी उल्लेख छ ।

# परिच्छेद–तीन

**संवर्द्धनसम्बन्धी कार्यहरू**

मानव अधिकारसम्बन्धी शिक्षा र सचेतनामा वृद्धि एवं मानव अधिकारको वकालत, पक्षपोषण तथा सूचना सम्प्रेषणसम्बन्धी कार्य बिस्तारमा संवर्द्धनात्मक कार्यको भूमिका विशेष हुन्छ। संवैधानिक एवं कानुनी दायित्वअन्तर्गत आयोगले यसप्रकारका गतिविधहरू सञ्चालन गर्दै आएको छ। आयोगबाट संवर्द्धनसम्बन्धी गतिविधिहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाउन राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकार सहकार्य तथा समन्वयसम्बन्धी निर्देशिका, २०६९ जारी भइसकेको छ। आयोगको रणनीतिक योजनामा आधारित यस प्रकृतिका कार्यहरूबाट मानव अधिकारको अभिवृद्धि एवं संस्कृतिको विकासमा स्वाभवतः टेवा पुगेको छ।




आयोगले 'सबैका लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार' भन्ने सन्देश अगाडि सारको छ। यसलाई सार्थक बनाउन मानव अधिकारको संवर्द्धनका क्षेत्रमा आयोगको केकाअन्तर्गत प्रवर्द्धन महाशाखा, विषयगत महाशाखा, शाखा, एकाइ र आयोगका कार्यालयहरूबाट एकल र सहकार्यमा विविध गतिविधिहरू सम्पन्न भएका छन्। यसरी सम्पादित कार्यहरूमा अन्तर्क्रिया, छलफल, सभा, गोष्ठी, कार्यशाला, तालिमलगायत छन्।

यस आवमा आयोगबाट जम्मा ३२४ (२८९+३५) ओटा संवर्द्धनसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएका छन्। प्राप्त तथ्याङ्कको आधारमा हेर्दा क्षेका धनगढी र पोखरा ४३-४३, केन्द्रीय कार्यालय र बुटवलबाट ३४-३४ कार्यक्रम सम्पन्न भएको स्थिति छ। त्यसैगरी

विराटनगर र खोटाङ ३१-३१, नेपालगन्ज ३०, जुम्ला २०, जनकपुर १३ सानेपा १० क्रियाकलाप समापन भएको अवस्था छ। यसैगरी विषयगत महाशाखा, शाखाहरूबाट पनि ३५ वटा संवर्द्धनसम्बन्धी कार्यहरू भएको देखिन्छ।

सम्पादित कार्यक्रमहरूमध्ये ३७ वटा कार्यक्रम समन्वय र सहकार्यमा सम्पन्न भएका छन्। आयोग, मानव अधिकार एवं पेसागत सङ्घसंस्थाद्वारा आयोजित मानव अधिकारसम्बन्धी कार्यक्रमहरूमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा ६६ र प्रमुख अतिथि/अतिथि र सहभागी २०३ वटा कार्यक्रम) सहभागी भएको छ।

यस आवमा आयोगमा आन्तरिक रूपमा तालिम, गोष्ठी छलफल, समीक्षा आदि ५९ कार्यक्रम सम्पन्न भएका छन्। यसै गरी उपक्षेका खोटाङ र जुम्लाबाट आयोगको सङ्क्षिप्त परिचयसहितको ब्रोसर प्रकाशन भएको थियो। आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूबाट एफएम रेडियोमार्फत नेपाली र स्थानीय भाषामा सचेतनामूलक कार्यक्रम एवं जिङ्गलहरू प्रसारण हुँदै आएका छन्। आयोगले आफ्नै वेवसाइट, ट्विटर, फेसबुकमार्फत पनि सूचनाहरू प्रवाह गर्दै आएको छ।

यसरी सम्पादित कतिपय कार्यक्रमहरूमा माननीयका तहबाट पनि सहभागिता रहँदै आएको छ। संवर्द्धनसम्बन्धी कार्यहरू सहकार्य र समन्वयमा पनि सम्पन्न भएका छन् । सहकार्य गरिएका संस्थाहरूमा सरकारी नियाय, स्थानीय निकाय, गैरसरकारी संस्था एवं व्यावसायिक सङ्घसंस्था रहेका छन्। न्यायिक कामकारबाहीसम्बन्धी काठमाडौँ ललितपुर, भक्तपुर, तनहुँ, सिन्धुली, गुल्मी, दोलखा, रामेछापलगायतका जिल्लास्थित गाउँपालिका, नगरपालिका, महानगरपालिकासँगको सहकार्यमा अन्तर्क्रिया र छलफल भएका छन्। आयोगको केकाबाट पूर्व न्यायाधीश समाज, गैसस महासङ्घ, राष्ट्रिय अपाङ्ग महासङ्घ, उपभोक्ता मञ्च नेपाल र उपभोक्ता हित संरक्षण नेपालसँग सहकार्य भएको छ। एजिङ नेपाल, सिजप नेपाल, लाहुरनिप, नेपाल मानव अधिकार सङ्गठन, महिला कानुन विकास मञ्च, दलित महिला सङ्घसँग पनि सहकार्यमा काम भएको अवस्था छ। यस्तै सहकार्य गरिएका अन्तर्राष्ट्रिय गैससमा संयुक्त राष्ट्रसङ्घ खाद्य तथा कृषि सङ्गठन, लुथर्न र सेभ द चिल्ड्रेन आदि रहेका छन्। यसैगरी क्षेत्रीय तहमा रेडक्रस, महिला बालबालिका कार्यालय र महिला दिवस मूल समारोह समितिसँग पनि विषयगत मुद्दामा सहकार्य र समन्वयमा कार्य भएको अवस्था छ। सहकार्य गरिएका गैससमा

मानव अधिकार रक्षक परिषद्, बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान, दलित सामाजिक विकास संस्था छन् । त्यस्तै तराई मानव अधिकार रक्षक र वकालत मञ्च, निलहीरा समाज, ओरेक नेपाल, द्वन्द्वपीडित समाज, कैलाली जिल्ला खाद्य अधिकार सञ्जाल, निड्स नेपाललगायतका संस्था छन् । बाल क्लव सञ्जाल, १६ दिने महिला हिंसाविरुद्धको अभियान, उद्योग वाणिज्य सङ्घ र होटल व्यवसायी सङ्घसँग पनि समन्वय र सहकार्य भएको अवस्था छ ।

# परिच्छेद–चार

## आयोग र सरोकारवाला निकायहरूबीच सम्बन्ध

### आयोग र राष्ट्रपति कार्यालय

सविधानतः आयोगले हरेक वर्ष वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्नुपर्दछ। राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत सो प्रतिवेदन छलफलका लागि सङ्घीय संसद्समक्ष पेस गर्नुपर्ने प्रावधान छ। सोही प्रावधानबमोजिम आयोगले प्रत्येक वर्ष राष्ट्रपतिसमक्ष आयोगद्वारा सम्पादित काम-कारबाहीलगायतका विषय समावेश गरी प्रतिवेदन पेस गर्दै आएको छ। आयोगका माननीय अध्यक्षको नेतृत्वमा सदस्य सचिव र कर्मचारीसहितको टोलीले २२ मङ्सिर, २०७४ मा आयोगको वार्षिक प्रतिवेदन सम्मानीय राष्ट्रपतिसमक्ष पेस गरेको थियो। सो अवसरमा आयोगका माननीय अध्यक्षले आयोगबाट सम्पादित कार्यहरू, भोग्नुपरेका चुनौती र मानव अधिकारका विविध पक्षहरूमाथि सङ्क्षेपमा प्रकाश पार्नुभएको थियो। राष्ट्रपतिबाट पनि मानव अधिकारको संरक्षण र मानव अधिकार संस्कृतिको विकासका लागि आयोगले विषम परिस्थिति र चुनौतीका बाबजुद पनि भूमिका निर्वाह गरेको भन्दै धन्यवाद दिनुभएको थियो। मानव अधिकारको संस्कृति विकासका लागि आफ्नो ठाउँबाट पहल गर्ने विश्वास दिलाउँदै थप सक्रियताका साथ आयोग अगाडि बढ्नुपर्नेमा उहाँको जोड थियो।

दक्षिण एसियामा दण्डहीनता र मानव अधिकारको चुनौतीसम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकार सम्मेलन हुन गइरहेको सन्दर्भमा आयोगले सम्माननीय राष्ट्रपतिसँग छलफल गरेको थियो। छलफल सम्मेलन तथा मानव अधिकारका विविध विषयमा केन्द्रित थिए। तीन दिन (२१-२३ चैत) सम्म चलेको सो सम्मेलनको समुद्घाटन एवं सम्बोधन सम्माननीय राष्ट्रपतिबाट गरिएको थियो। सम्बोधनको पूर्णपाठ अनुसूची १० मा समावेश गरिएको छ।

### आयोग र नेपाल सरकार

मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपालना गर्ने पहिलो दायित्व सरकारमा रहेको हुन्छ। आयोगको दैनिक कार्य सञ्चालनदेखि संरक्षण र संवर्द्धनलगायतका कार्य

सम्पन्न गर्न आवश्यक पर्ने पर्याप्त बजेट कार्यकक्षलगायत आधारभूत सुविधाहरू उपलव्ध गराउनु सरकारको दायित्व हो। यी र यस्ता कार्यहरू आपसी सहकार्य र समन्वयमा बढी प्रभावकारी हुन्छन्। आयोगले सरकारी निकायहरूबीच मानव अधिकारका विषय र आयोगसँग सम्बन्धित आर्थिक र प्रशासनिकलगायतका विषयमाथि विचार विमर्श, परामर्श वा छलफल गर्दै आएको छ। आयोगका सिफारिस कार्यान्वयनदेखि आर्थिक व्ययभार ब्यहोर्नुपर्ने भएकाले पनि सहकार्य र समन्वयबाट मात्र सम्भव हुन्छ। आवश्यकता र विषयवस्तुको गाम्भीर्य हेरी समयसमयमा नेपाल सरकारका प्रधानमन्त्री, मन्त्री, उच्चपदस्थ अधिकृतहरूलाई आयोगमा आमन्त्रण गर्दै आएको छ। उहाँहरूसँग आयोगले मुलुकको मानव अधिकार अवस्था, शान्तिसुरक्षा, मानव अधिकारका जल्दाबल्दा मुद्दा, आयोगका सिफारिस आदिका सम्बन्धमा छलफल, अन्तर्क्रिया गर्दै आएको छ। प्राप्त निष्कर्षका आधारमा सरकारलाई मानव अधिकारको संरक्षण, संवर्द्धन कार्यमा सहयोग पुऱ्याउनुका साथै आवश्यक निर्देशन पनि दिँदै आएको छ।

आयोगको आर्थिक स्वायत्तता एवं सरकार र आयोगबीच देखिएको आर्थिक समस्या र त्यसको सम्बोधन गर्ने सम्बन्धमा कार्तिक २३ मा आयोग पदाधिकारी, सचिव र नेपाल सरकारका अर्थ सचिवबीच छलफल भएको थियो। सोही दिन आयोग, परराष्ट्र सचिव र संयुक्त राष्ट्रसङ्घ महाशाखा प्रमुखबीच मानव अधिकारका मुद्दामाथि (विशेषतः वैदेशिक रोजगारसँग सम्बद्ध विषय) बैठक केन्द्रित रहेको थियो। मङ्सिर ३ मा मानव अधिकारसम्बन्धी आदेश, फैसला, निर्णय तथा सिफारिसहरूको कार्यान्वयनसम्बन्धी छलफल सम्पन्न भएको थियो। सो कार्यक्रममा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवको सहभागिता रहेको थियो। कार्तिक २९ मा आयोगको आयोजनमा काठमाडौँ उपत्यकाका कारागार प्रमुख तथा हिरासत प्रमुखहरूका लागि कैदीबन्दीका मानव अधिकार विषयक दुई दिने तालिमको आयोजना गरिएको थियो। त्यसैगरी पुस ५ मा सम्पन्न छलफल अन्तर्राष्ट्रिय आप्रवासनसम्बन्धी दिवसको सन्दर्भमा सुरक्षित वैदेशिक रोजगार विषयमा केन्द्रित थियो। कार्यक्रममा सरकारी एवं गैरसरकारी निकायका प्रतिनिधिहरूको पनि उपस्थिति रहेको थियो। यसअलवा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिवसहितको टोलीसँग मानव अधिकार संरक्षण र संवर्द्धनसम्बन्धी कार्यलाई कसरी थप प्रभावकारी बनाउने र

द्वन्द्वपीडित समाज र नेपाल सरकारका उच्चपदस्थ अधिकारीहरूसँग द्वन्द्वपीडितहरूको अवस्था र सङ्क्रमणकालीन न्यायलाई प्रभावकारी तुल्याउने सम्बन्धमा छलफल भएको थियो ।

पुस १४ मा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनलाई सफल बनाउने उपायका सम्बन्धमा केन्द्रित रही छलफल कार्यक्रमको आयोजना गरिएको थियो। आयोग पदाधिकारी, सचिव र नेपाल सरकारका मुख्य सचिव, गृह सचिव, अर्थ सचिव र परराष्ट्र सचिवहरूको सहभागिता रहेको थियो । सम्मेलनलाई सफल पार्न (9th to 11 April 2018) पुस २३ मा आयोग र गभर्नेन्स फसिलिटी नेपालबीच सहकार्यसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको थियो । यसअगाडि परियोजना मूल्याङ्कबारेमा विस्तृत छलफल भएको थियो। कार्यक्रम समापनमा कानुनमन्त्रीसमेतको उपस्थिति रहेको थियो ।

द्वन्द्वपीडितहरूको पीडालाई सम्बोधन गर्न आयोगले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको थियो । व्यक्ति बेपत्ता पारिएका सम्बन्धमा छानबिन गर्न गठित आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ मा संशोधनका लागि तयार गरिएको विधेयकमा छलफल केन्द्रित थियो। छलफलमा कानुन न्याय तथा संसदीय मामिला मन्त्रीले सरकारको तर्फबाट धारणा राख्नुभएको थियो । यसैगरी गङ्गामायाको जीवनरक्षालगायत मानव अधिकारका विविध विषयमाथि आयोगले सम्माननीय प्रधानमन्त्रीसँग छलफल गरेको थियो। विषयवस्तुप्रति सरकार सकारात्मक रूपमा प्रस्तुत भयो। हाल आरोपित पीडक पक्राउ गरी कारबाही अगाडि बढेको र गंङ्गामायाले अनशन तोडेको (आयोगका माननीय अध्यक्षबाट जुस पिलाई अनशन तोडाइएको) अवस्था छ।

यसका अलवा आयोगका महत्त्वपूर्ण कार्यक्रमहरूमा सरकार प्रमुख, मन्त्रीहरूलाई प्रमुख अतिथि/अतिथिको रूपमा आमन्त्रण गरी मानव अधिकारका जल्दाबल्दा मुद्दाहरूमाथि ध्यानाकर्षण गराइँदै आएको छ। आयोग सुरक्षा निकायबाट आफू मातहतका कर्मचारीहरूका लागि मानव अधिकारका विविध विषयमा हुने तालिममा स्रोत व्यक्तिका रूपमा सहभागी हुँदै आएको छ। यसका साथै सरकारी निकायबाट हुने मानव अधिकारसम्बन्धी कार्यक्रममा पनि सहभागी बनी आफ्नो धारणा प्रस्तुत गर्दै आएको छ।

**आयोग र न्यायपालिका**

मानव अधिकारको संरक्षण र मानव अधिकार संस्कृति विकासमा न्यायपालिको भूमिका विशेष प्रकृतिको हुन्छ। यही यथार्थतालाई मनन गरी आयोगले न्यायपालिकासँग पनि समन्वयात्मक कार्य गर्दै आएको छ। यसै सन्दर्भमा ३ मङ्सिर २०७४ मा मानव अधिकारसम्बन्धी आदेश, फैसला, निर्णय तथा सिफारिसहरूको कार्यान्वयनसम्वन्धी छलफल कार्यक्रम सम्पन्न भएको थियो। छलफलमा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रारको सहभागिता रहेको थियो। यसैगरी १४ पुस २०७४ मा एक कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो। गोष्ठी आयोगका सिफारिस र अदालतको फैसला कार्यान्वयन अवस्थाका सम्वन्धमा केन्द्रित रहेको थियो। कार्यशाला गोष्ठीमा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रारले अदालतका फैसला कार्यान्वयनको अवस्थासम्बन्धी विषय प्रस्तुत गर्नुभएको थियो। सर्वोच्च अदालतका प्रधान न्यायाधीशको प्रमुख आतिथ्यता र आयोगका माननीय अध्यक्षको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको थियो।

**आयोग र संवैधानिक निकाय**

यस आयोग र अन्य संवैधानिक आयोगबीच मानव अधिकारका मुद्दामा सहकार्य र समन्वयमा विभिन्न कार्यहरू हुँदै आएका छन्। आयोगबाट यस आवमा विशेषतः कार्य प्रकृतिका आधारमा संवैधानिक निकायका रूपमा रहेको लोकसेवा आयोग र निर्वाचन आयोगसँग समन्वय र सहकार्यमा कार्यहरू सम्पन्न भएका छन्।

यस आवमा आयोगले निर्वाचन आयोगसँग पनि समन्वय र सहकार्यमा मानव अधिकारसम्बन्धी कार्यलाई अगाडि बढाएको थियो। विशेषतः मानव अधिकारको दृष्टिकोणबाट स्थानीय तह निर्वाचन अनुगमनका सम्बन्धमा निआ र रामअआबीच समझदारीपत्रमा हस्ताक्षर भएको थियो। समझदारीपत्रमा मतदाता शिक्षा तथा मताधिकार सचेतनाका लागि आवश्यकतानुसार एकल वा छुट्टाछुट्टै आवश्यक सामग्री प्रकाशन, निर्माण, प्रचार/प्रसारण, अनुगमन आदि कार्यलाई सहजीकरणका लागि दुई आयोगबीच आवश्यक सहयोग आदान-प्रदान गर्ने उल्लेख गरिएको थियो। यसका साथै यस आयोगले अनुगमनबाट देखिएका कमीकमजोरीहरू निर्वाचन आयोगलाई जानकारी गराउने, समाधानका लागि आपसी सहकार्य गर्ने, माननीय तहमा संयुक्त संयन्त्र स्थापना गरी कार्य गर्ने र क्षेत्राधिकारको सम्मान गर्नेलगायतका विषय समावेश

गरिएका थिए। आयोगको अनुगमनबाट प्राप्त तथ्यका आधारमा निर्वाचनमा देखिएका कमीकमजोरी र सुधारमा उपायसहित तयार गरिएको प्रतिवेदन प्रकाशित गरी निर्वाचन आयोगलाई उपलब्ध गराइएको थियो।

यस अवधिमा पनि यस आयोगमा विभिन्न तहमा रिक्त दरबन्दी पदपूर्तिसम्बन्धी कार्य भएको थियो। आयोगले पदपूर्तिका लागि लिखित परीक्षाको सम्पूर्ण जिम्मेवारी लोकसेवा आयोगलाई दिएको थियो। सोहीअनुसार लोकसेवा आयोगले लिखित परीक्षा लिई परिणामसमेत आयोगलाई उपलब्ध गराई आयोगले अन्तिम नामावली प्रकाशित गरी कर्मचारीहरूलाई कार्यक्षेत्रमा खटाइसकेको अवस्था छ। सङ्गठित संस्थाका कर्मचारीसँग सम्बन्धित सामान्य सिद्धान्तका व्यवस्थाहरू अनिवार्य रूपमा लागू गर्न भनी लोसेआबाट यस आयोगमा समेत पत्राचार भएको थियो। रामअआ स्थापनाको आधार आधारभूत पेरिस सिद्धान्त र आयोग सरकारी संस्थान नभएको हुँदा सो सिद्धान्त यस आयोगको हकमा लागू नहुने भनी लिखित जवाफ पठाइएको थियो। पछि लोसेआबाट सामान्य सिद्धान्त रामाअआको हकमा अनिवार्य रूपमा लागू नहुने बेहोरासहितको जानकारी गराएपश्चात् विवाद समाधान भएको थियो। यसपछि पनि रामअआको आग्रहबमोजिम लोसेआले आयोगका परीक्षासम्बन्धी कार्यमा सहयोग गर्दै आएको छ। लोकसेवा आयोगसँगको सहकार्य र समन्वयमा भएका पदपूर्तिसम्बन्धी कार्यबाट आयोगका कर्मचारी व्यवस्थापन र स्थायित्वका लागि लामो समयदेखि विद्यमान समस्या समाधानमा सकारात्मक योगदान पुग्न गएको छ।

**आयोग र अन्तर्राष्ट्रिय सङ्गठनहरू**

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा अन्तर्राष्ट्रिय सङ्घसङ्गठनहरू, दातृ निकाय, विदेशी दूतावाससँग पनि सहकार्य र समन्वयमा कार्य गर्दै आएको छ। जसमा मानव अधिकार अवस्था, सहयोग आदानप्रदान, अनुभव साटासाटलगायतका विषय रहेका छन्। आयोग अन्तर्राष्ट्रिय स्तरमा सम्पन्न विभिन्न छलफल/तालिममा सहभागी भएको छ। यस क्रममा आयोगका अध्यक्ष/सदस्यबाट १४ र सचिव/कर्मचारीबाट १८ वटा गरी जम्मा ३२ वटा कार्यक्रममा सहभागी भएको अवस्था छ।

यस अवधिमा माथि उल्लिखित विषयमा हाडवर्ड विश्वविद्यालयका सहायक प्रोफेसर, Danish Institute for Human Rights, अस्ट्रेलियाली राजदूत र UN Resident Coordinator सँग बैठक सम्पन्न भएको थियो।

आप्रवासी कामदारको अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष समाधीक्षक, राजनीतिक मामिलासम्बन्धी संयुक्त राष्ट्रसङ्घका महासचिवका सहायक (UN, Assistant Secretary General for Political Affairs), संयुक्त राष्ट्रसङ्घको शरणार्थीसम्बन्धी उच्चआयुक्तको नेपालस्थित कार्यालयका (UNHCR) का प्रतिनिधिसँग मानव अधिकार विविध र शरणार्थीहरूको मानव अधिकारको सम्बन्धमा छलफल भएको थियो । त्यसैगरी स्विट्जरल्यान्ड र न्युजिल्यान्डका राजदूतसँग आपसी सहयोग र मानव अधिकारको अवस्थाका बारेमा बैठक सम्पन्न भएको छ ।

माननीय अध्यक्ष, सदस्य र सचिवसहितको टोली The 22nd Annual General Meeting of the Asia Pacific Forum of National Human Rights Institutions, Bangkok, Thailand मा सहभागी भएको देखिन्छ। थाइल्यान्डको वैङ्ककमा UNDP Nepal को आयोजनामा आयोजित उच्चस्तरीय छलफल (High-level dialogue) र भारतीय मानव अधिकार आयोगको भ्रमण एवं छलफल भएको अवस्था छ। आयोगले 9th to 11 April 2018 मा Identifying Challenges, Assessing Progress, Moving Forward: Addressing Impunity and Realizing Human Rights In South Asia अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरी मानव अधिकारको अवस्था र चुनौती सम्बन्धमा छलफल गरेको छ।

**आयोग र सङ्क्रमणकालीन संयन्त्र**

आयोगले स्थापनाकालदेखि नै सशस्त्र द्वन्द्वसँग सम्बन्धित उजुरीलाई प्राथमिकतामा राखी कार्य गर्दै आएको छ । ती मुद्दा सङ्क्रमणकालीन संयन्त्रमार्फत सम्बोधन गर्ने भनी विस्तृत शान्तिसम्झौतामा समेत उल्लेख भएको थियो तर लामो समयसम्म संयन्त्र गठन हुन सकेन । वि.सं.२०७१ माघ २७ गते बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ को अधीनमा रही दुई आयोगको गठन भयो । दुवै आयोगलाई कार्य सम्पादन गर्न दुई वर्षको समयावधि तोकिएको थियो। तोकिएको समयावधिमा आयोगबाट आशातीत कार्य सम्पन्न हुन सकेन। अन्ततः आयोग म्याद स्वतः समाप्त हुने भएपछि पहिलो संशोधन अध्यादेश २०७४ जारी गरिएको थियो ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ का कतिपय प्रावधानहरूमाथि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहबाट प्रश्नहरू उठाइएका थिए। सर्वोच्च अदालतले पनि अन्तर्राष्ट्रिय मापदण्डलाई सम्बोधन हुने गरी ऐन जारी

गर्न आदेश जारी गरेको थियो। अहिले ऐनमा संशोधनका लागि सरकारबाट प्रयत्न भइरहेको छ।

यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले सङ्क्रमणकालीन न्यायका सन्दर्भमा सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा रही कार्य गर्दै आएको छ। यस आवमा आयोगले सरकार, राजनीतिक दल, नागरिक समाज, सङ्क्रमणकालीन न्याय/द्वन्द्वको क्षेत्रमा कार्यरत सङ्घसंस्था, न्याय/द्वन्द्वपीडित एवं सरोकारवालाहरूसँग छलफल/अन्तर्क्रिया सम्पन्न गरेको छ। पुस ५ मा दुवै आयोगका अध्यक्ष र २१ मा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका अध्यक्षबीचको बैठक विषवस्तुमा बैठक केन्द्रित थियो। माघ २२ गते आयोगले एक कार्यक्रममार्फत नेपालमा सङ्क्रमणकालीन न्यायको अवस्था सम्बन्धमा ११ बुँदामा आफ्नो धारणा सार्वजनिक गरेको थियो। जसमा गम्भीर प्रकृतिका मानव अधिकारका विषयमा पीडितलाई आममाफी नदिन, ऐनलाई सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय मापदण्डबमोजिम संशोधन गर्न भनिएको थियो। त्यसैगरी बेपत्ता, यातनाजस्ता गम्भीर अपराधलाई फौजदारी अपराध मानी कानुन निर्माण गरी कानुनी दायरामा ल्याउन, पीडित, साक्षी र प्रमाणको सुरक्षा गर्न-गराउनमा जोड दिइएको थियो।

**आयोग र रणनीतिक योजना सहयोग परियोजना**

युएनडिपीको सहयोग रहेको यस परियोजनाले आयोगलाई तालिम/प्रकाशनलगायतका कार्यमा आर्थिक सहयोग पुऱ्याउदै आएको छ। यस आवमा परियोजनाको आर्थिक सहयोगमा आयोगबाट नव नियुक्त कर्मचारीहरूका लागि मानव अधिकारका विषयसँग सम्बन्धित तालिम सम्पन्न भएका छन्। यसरी सम्पन्न भएका तालिमहरूमा Intermediate Level Training on ICCPR, CERD, ILO 169, Training on Mental Health and Human Rights Situation, CRPD, Training on Report Writing भएका छन्। यसको साथै Training on Accounting and Administrative Management and Advanced Level Training on Leadership and Management छन्। यसको साथै स्वास्थ्यकर्मी र मानव अधिकार रक्षकलाई केन्द्रित गरी क्षेत्रीय स्तरमा (विराटनगर, पोखरा, नेपालगन्ज र धनगढी) मानसिक स्वास्थ्य र मानव अधिकार विषयक तालिम आयोजना गरिएको थियो। राष्ट्रिय मानव अधिकार आयोगको सम्बन्धमा

नागरिकको धारणाबारे सर्वेक्षण भएको थियो । सङ्घीय शासन-प्रणालीमा मानव अधिकार आयोगको संरचना कस्तो हुनुपर्छ भनी विज्ञबाट अध्ययन गराइएको थियो । अविभेद र विविधतासम्बन्धी नीति, जनसम्पर्क साझेदारी रणनीति र अपाङ्गता भएका व्यक्तिहरूको महासन्धि कार्यान्वयनसम्बन्धी वर्तमान अवस्थाबारे अध्ययनसमेत गरिएको थियो । स्थानीय तहको निर्वाचन अनुगमन र प्रतिवेदन प्रकाशनका लागि पनि सहयोग पुऱ्याएको छ। साथै आयोगको वार्षिक प्रतिवेदन (नेपाली र अङ्ग्रेजी-सङ्क्षिप्त रूप) र मानव अधिकारबारे जान्नुपर्ने कुराहरू प्रकाशनार्थ सहयोग पुऱ्याएको छ। जनकपुर, कैलाली, जुम्ला र सुर्खेतमा मानव अधिकार फिल्म महोत्सव सम्पन्न भएको छ ।

परियोजनाले थाइल्यान्डको बैङ्कक र भारतीय मानव अधिकार आयोगमा उच्चस्तरीय छलफल (High-level dialogue) र Identifying Challenges, Assessing Progress, Moving Forward: Addressing Impunity and Realizing Human Rights In South Asia अन्तर्राष्ट्रिय सम्मेलनमा सहयोग पुऱ्याएको थियो ।

# परिच्छेद–पाँच


## उपलब्धि, चुनौती, समाधानका सम्भावित उपाय र भावी कदमहरू

### उपलब्धि

विगत वर्षमा भैँ यस आवमा पनि आयोगले मानव अधिकारको संरक्षण र संवर्द्धनसँग सम्बन्धित कार्यहरू प्राथमिकताका साथ अगाडि बढाएको छ। आयोगले 'सबैको लागि घर-घरमा मानव अधिकार : शान्ति र विकासको आधार' भन्ने आह्वानलाई आधार मानी यस प्रकृतिका कार्यहरू सम्पन्न गरेको छ। सम्पादित कार्यहरूका आधारमा विविध उपलब्धिहरू हासिल भएका छन्। तिनीहरू निम्नानुसार रहेका छन् :

### उजुरी ग्रहण, अनुगमन र अनुसन्धान

यस अवधिलाई आयोगमा जम्मा १५२ उजुरीहरू दर्ता भएका छन्। मानव अधिकारसँग सम्बन्धित विषयमा ४६३ पटक अनुमगन भएको छ। पुराना र नयाँ गरी ३५० उजुरीमाथि आयोगले अनुसन्धान सम्पन्न गरेको छ। उजुरीहरूमाथि अनुसन्धान सम्पन्न गरिएका २१९ फायल निर्णयका लागि केन्द्रमा पठाइएका छन्।




पीडितका सवालमा राष्ट्रिय मानव अधिकार आयोग नेपालले भारतीय मानव अधिकार आयोगसँग समन्वय गरेको थियो। समन्वयपश्चात् भारतको मानवअधिकारआयोगले भारतीय सरकारलाई क्षतिपूर्ति उपलब्ध गराउन निर्देशन दिएको थियो। जसअनुसार

भारतीय सुरक्षाकर्मीबाट मारिएका नेपाली नागरिक मुकुल राय यादवको परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइएको थियो ।

**उजुरी निरूपण र सिफारिस**

यस आवमा आयोगबाट अनुसन्धान सम्पन्न भएका जम्मा ३३५ वटा उजुरीको निरूपण भएको छ; जसमा उजुरीगत ९२ र नीतिगत १३ गरी जम्मा १०५ सिफारिस भएका छन् । त्यसैगरी तामेली १६४, खारेजी ३२ र टुङ्ग्याउने १ रहेका छन् । जम्मा ३३ उजुरी अङ्ग पुऱ्याई पुनः पेस गर्नुपर्ने भनी उल्लेख छ ।

**संवर्द्धन**

मानव अधिकार संवर्द्धनतर्फ पनि विभिन्न उपलब्धिहरू हासिल भएका छन् । यस आवमा अयोगबाट ३२४ वटा संवर्द्धनसम्बन्धी कार्यक्रमहरू सम्पन्न भएको देखिन्छ। विशेषतः न्यायिक विवाद समाधान गर्नेतर्फ स्थानीय तहलाई सक्षम, प्रभावकारी बनाउन आयोग सहयोगी भूमिकामा रहिआएको छ। यसका लागि आयोगले तालिम आयोजना गर्दै आएको छ। आयोगबाट आन्तरिक रूपमा तालिम, गोष्ठी छलफल, समीक्षा आदि ५९ कार्यक्रमहरू सम्पन्न भएका छन् । यस वर्ष आयोगले मानव अधिकार रक्षकहरूको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गऱ्यो। सम्मेलनले मानव अधिकार रक्षकहरूको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७४ पारित गरेको थियो। यसैगरी मानव अधिकार राष्ट्रिय अपाङ्ग महासङ्घसँगको समन्वयमा यस आवमा सातै प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरूको सम्मेलन गरी घोषणापत्र जारी गरेको थियो । यसअलावा आयोगले मुलुकमा ७७ जिल्लामा मानव अधिकारको प्राथमिकतासम्बन्धी विषयमा अध्ययन गरेको थियो। जसअनुसार पाँच प्राथमिकताका विषयमा क्रमशः महिला अधिकार, बाल अधिकार, स्वास्थ्य अधिकार, शिक्षाको अधिकार र स्वास्थ्यको अधिकार रहेका छन् ।

मानव अधिकार एवं पेसागत सङ्घसंस्थाद्वारा आयोजित मानव अधिकारसम्बन्धी कार्यक्रमहरूमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा ६६ र प्रमुख अतिथि/अतिथि र सहभागी २०३ वटा कार्यक्रम) सहभागी भएको छ। मानव अधिकारसम्बन्धी विभिन्न विषयगत मुद्दामा केन्द्रित रही रेडियो कार्यक्रम उत्पादन गरी उपत्यकाभित्र र बाहिर रहेका विभिन्न एफएमहरूबाट प्रसारण हुँदै आएको छ।

**प्रकाशन**

यस अवधिमा प्रतिवेदन/जर्नल गरी जम्मा १५ वटा प्रकाशन भएका छन्; जसमा वार्षिकलगायतका विषयगत प्रतिवेदन रहेका छन्। विषयगत प्रतिवेदनमा कारागार

तथा हिरासतमा मानव अधिकार अवस्था, मानव अधिकार रक्षकको अवस्था, स्थानीय तह, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनसँग सम्बन्धित छन् । यसैगरी मानव अधिकारका पाँच प्रमुख प्राथमिकताका विषय, सिफारिसहरूको कार्यान्वयन र पीडितको अवस्थासम्बन्धी प्रतिवेदन रहेका छन् । त्यस्तै छाउपडी प्रथाले महिलाको जीवनमा पारेको प्रभाव, अपाङ्ता भएका व्यक्तिहरूको मानव अधिकार अवस्था, किसानको अधिकार आदि सम्बन्धित छन् ।

मानव अधिकार संवाहक (त्रैमासिक जर्नल) को प्रकाशनले मानव अधिकारका विषयलाई प्राथमिकता दिएको छ। यस वर्षमा जम्मा ३२ जना लेखकहरूले विविध विषमा कलम चलाएका छन् । ज्येष्ठ नागरिकको अवस्था, बन्दीको मानव अधिकार, नेपालको सन्दर्भमा खाद्य अधिकार र मानव अधिकार, राष्ट्रिय मानव अधिकार आयोग र अन्य आयोगहरूबीचको अन्तरसम्बन्धका आधारहरू, राष्ट्रिय मानव अधिकार आयोग : सिफारिस र कार्यान्वयनको अवस्थालगायत विषयमा अनुसन्धानमूलक लेखहरू प्रकाशित भएका छन् । त्यसैगरी सीमा क्षेत्रमा मानव अधिकारको अवस्था, नेपालमा वादी समुदायको मानव अधिकारको अवस्था, मानव अधिकार र स्वच्छ सुनुवाइको हकः, मानव अधिकारको प्रचलनमा दण्डहीनताका असरहरू, नेपालमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अपराध र पीडितको न्यायमा पहुँचसम्बन्धी विषयले पनि स्थान पाएका छन् ।

**प्रेसनोट/प्रेसविज्ञप्ति**

यस अवधिमा मानव अधिकारका समसामयिक विषयमा प्रेसविज्ञप्ति ५० र प्रेसनोट १६ वटा जारी भएका छन् । 'शान्ति सम्झौताका एघार वर्ष र मानव अधिकार' मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको तयारी र घोषणापत्र सार्वजनिक गर्ने सन्दर्भ गरी तीनवटा पत्रकार सम्मेलन सम्पन्न भएका छन् ।

**जनशक्ति व्यवस्थापन**

यस आवमा पनि आयोगबाट लोकसेवा आयोगको सहयोगमा विभिन्न पदमा रहेका रिक्त दरबन्दीमा परिपूर्तिका लागि परीक्षा सम्पन्न भइसकेको छ । आयोगको २०७४-२०७५ को विज्ञापनअनुसार कार्यसम्पादन मूल्याङ्कनबाट निर्देशक ४, उपनिर्देशक ११, मानव अधिकार अधिकृत २, लेखा/प्रशासन अधिकृत १ गरी २० मध्ये १८ मा पदपूर्ति भइसकेको छ। यसको साथै आन्तरिकमा निर्देशक १, उपनिर्देशक २, मानव अधिकार अधिकृत २, लेखा/प्रशासन अधिकृत १ र खुलामा निर्देशक २, उपनिर्देशक ३, मानव अधिकार अधिकृत १८ र लेखा/प्रशासन १ गरी ३० पदका लागि परीक्षा सम्पन्न भएको छ ।

## सहकार्य र समन्वय

### राष्ट्रिय

यस आवमा आयोगले सहकार्य र समन्वयलाई निरन्तरता दिएको छ। सरकारी, गैसस, पेसागत सङ्घसंस्थाको सहकार्य र समन्वयमा ४८ वटा कार्यक्रम सम्पन्न भएका छन्; जसमा मानव अधिकार संरक्षण ११ र संवर्द्धन ३७ रहेका छन्। मानव अधिकार एवं पेसागत सङ्घसंस्थाद्वारा आयोजित मानव अधिकारसम्बन्धी कार्यक्रमहरूमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा ६६ र प्रमुख अतिथि/अतिथि र सहभागी २०३ वटा कार्यक्रम) मा आयोग सहभागी भएको छ।

### अन्तर्राष्ट्रिय

अन्तर्राष्ट्रिय रूपमा संयुक्त राष्ट्रसङ्घअन्तर्गतका निकाय, मानव अधिकार आयोगहरूको छाता सङ्गठन मानव अधिकार संस्थाहरूको विश्वव्यापी सञ्जाल (GANHRI), मानव अधिकार आयोगहरूको एसिया प्रशान्त मञ्च (Asia Pacific Forum- APF) लगायत दातृ निकाय, राजदूतावासहरूसँग सहकार्य र समन्वयमा कार्यसम्पादनलाई निरन्तरता दिएको छ। आयोगका माननीय अध्यक्ष, सदस्य र कर्मचारी तहबाट समय-समयमा छलफल, अनुभव आदानप्रदान, तालिम आदिका लागि अन्तर्राष्ट्रिय भ्रमण हुँदै आएको छ। यस आवमा आयोगका अध्यक्ष/सदस्यबाट १४ र सचिव/कर्मचारीबाट १८ वटा गरी जम्मा ३२ वटा कार्यक्रममा सहभागी भएको अवस्था छ।

हाडवर्ड विश्वविद्यालयका सहायक प्रोफेसर, Danish Institute for Human Rights, अस्टेलियाली राजदूत र संयुक्त राष्ट्रसङ्घीय आवासीय प्रतिनिधिसँग बैठक सम्पन्न भएको थियो। आप्रवासी कामदारको अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष समाधीक्षक, राजनीतिक मामिलासम्बन्धी संयुक्त राष्ट्रसङ्घका महासचिवका सहायक, संयुक्त राष्ट्रसङ्घको शरणार्थीसम्बन्धी उच्चआयुक्तको नेपालस्थित कार्यालयका प्रतिनिधिसँग छलफल भएको थियो। त्यसैगरी स्वीजरल्यान्ड र न्यूजिल्यान्डका राजदूतसँग आपसी सहयोग र मानव अधिकारको अवस्थाका बारेमा बैठक सम्पन्न भएको छ।

यस आवमा भएको विशेष र महत्त्वपूर्ण अर्को कार्य हो : Identifying Challenges, Assessing Progress, Moving Forward: Addressing Impunity and Realizing Human Rights in South Asia International Conference सम्माननीय राष्ट्रपतिबाट समुद्घाटन गरिएको सो सम्मेलन तीन दिन चलेको थियो। सम्मेलनमा पाँच वटा विषयमा विज्ञहरूबाट कार्यपत्र प्रस्तुत र कार्यपत्रमाथि टिप्पणी गरिएको थियो।

सम्मेलनका पाँच विषयमा मौलिक हक, राष्ट्रिय सुरक्षा र मानव अधिकार (Fundmental Rights, National Security And Human Rights), आप्रवासन र मानव अधिकार (Migration And Human Rights) तथा सङ्क्रमणकालीन न्याय र सत्य आयोग (Transitional Justice And Truth Commissions) थिए । त्यसैगरी क्षेत्रीय तथा घरेलु तहमा राष्ट्रिय संस्थाहरू (NHRIS at the Regional and Domestic Level), महिला तथा अन्य सीमान्तकृत समुदायहरूको अधिकार (The Rights of Women and Other Marginalized Communities) लाई पनि समावेश गरिएको थियो । सम्मेलनमा २९ बुँदे Kathmandu Declaration on Addressing Impunity and Realizing Human Rights in South Asia 11 April 2018 जारी गरिएको थियो ।

### चुनौती




आयोगले विगतदेखि नै कुनै न कुनै रूपमा चुनौतीको सामना गर्दै आएको छ । यसमा विशेषतः आन्तरिक र बाह्य चुनौतीले भूमिका खेलेको अवस्था छ । विगतदेखिका कतिपय चुनौतीहरू अहिले पनि ज्यूँका त्यूँ छन् । यस आवमा पनि आयोग चुनौतीभन्दा

पर रहन नसकेको अवस्था छ । आयोगमा देखिएका चुनौतीहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**आयोगका सिफारिसको कार्यान्वयन अवस्था कमजोर**

आयोगले मानव अधिकार उल्लङ्घन, हनन एवं दुरुत्साहन भएको भनी परेका उजुरी, नयाँ र पुराना उजुरीउपर अनुसन्धान गर्दै आएको छ। यसका साथै मानव अधिकारका मुद्दामा अनुसन्धानमूलक अध्ययनलाई पनि निरन्तर अगाडि बढाइरहेको छ। यसरी गरिएका अध्ययन र अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा आयोगले सरकार वा सम्बन्धित निकायलाई आवश्यक कारबाहीका लागि सिफारिस गर्दै आएको छ। आयोगका सिफारिस, निर्णय वा आदेश कार्यान्वयन सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७ उपदफा (२) र (३) मा व्यवस्था गरिएको छ। जसमा भनिएको छ : सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले सामान्यतः तीन महिनाभित्रमा कार्यान्वयन गरी वा कार्यान्वयन गर्न अप्ठ्यारो भएमा सोको कारण खुलाई त्यस्ता सिफारिस, निर्णय वा आदेश प्राप्त भएको मितिले दुई महिनाभित्र आयोगसमक्ष पठाउनुपर्दछ। आयोगले स्थापनाकालदेखि दोषी ठहर गरी कानुनी कारबाहीका लागि गरिएका सिफारिसमाथि कारबाही प्रक्रिया अगाडि बढ्न सकेको देखिँदैन; जुन अत्यन्त दुखद पक्ष हो। यसबाट प्रस्ट हुन्छः आयोगले गरेका उपचारात्मक र सुधारात्मक सिफारिसहरूको कार्यान्वयन पक्ष अत्यन्त फितलो छ।

महान्यायाधिवक्ता कार्यालयको पहलमा मानव अधिकार उल्लङ्घनका घटनामा मुद्दा चलाउन भनी गरेका सिफारिसहरूको कार्यान्वयनमा देखिएका जटिलताहरूको अध्ययन गरी सुझाव पेस गर्न एक कार्यदल गठन भएको थियो। यसमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, महान्यायाधिवक्ता र आयोगको कार्यालयका प्रतिनिधि रहेका थिए। हालसम्म यसमा खासै प्रगति हुन नसकेको अवस्था छ। आयोगमा दर्ता हुन आएका उजुरीहरूमाथि छानबिन वा अनुसन्धान गरी पीडितलाई न्याय प्रदान गर्न गरिएका उपचारात्मक सिफारिस (उजुरीहरू) हरूको सङ्ख्या ८५६ रहेको छ; जसमा १४८३ सिफारिस गरिएको छ।[२]

२. आयोगबाट मिति २०७४ पुस ७ गते आयोजित मानव अधिकारसम्बन्धी आदेश/फैसला र सिफारिसहरूको कार्यान्वयन अवस्था र राज्यको दायित्व विषयक कार्यक्रममा आयोगबाट प्रस्तुत कार्यपत्र।

त्यसैगरी आव २०७३/२०७४ सम्म ७१ वटा नीतिगत सिफारिस भएको देखिन्छ।[३] आयोगले २०५७ सालदेखि २०७४ साल असार मसान्तसम्मका सिफारिस र तिनको कार्यान्वयनको अवस्था हेर्दा कुल ८१० सिफारिसमध्ये १२.५ प्रतिशत पूर्ण कार्यान्वयन ४८.३ प्रतिशत आंशिक कार्यान्वयन र ३९.२ प्रतिशत विचाराधीन रहेको पाइन्छ। कार्यान्वयन भएका सिफारिसहरू क्षतिपूर्ति उपलब्ध गराउने विषयसँग मात्र सम्बन्धित छन् । मानव अधिकार उल्लङ्घनका घटनामा संलग्नहरूमाथि कानुनी कारबाही र घटनाको अनुसन्धान गरी कानुनी कारबाही गर्नू भनी गरिएका सिफारिसहरूको कार्यान्वयन हुन नसकेको स्थिति छ। आयोगले दोषी ठहर गरी कारबाहीका लागि सिफारिस गरेका व्यक्तिलाई समेत राज्यबाट सम्मानस्वरूप पदक प्रदान गरिनुलाई बिडम्वना नै मान्नुपर्ने हुन्छ। यी विषयहरूमा जननिर्वाचित सरकार एवं सरोकारवालाहरू संवेदनशील हुनुपर्ने देखिन्छ।

**द्वन्द्वकालीन समस्याको अझै समाधान हुन नसक्नु**

विगतको सशस्त्र द्वन्द्वसँग सम्बन्धित सङ्क्रमणकालीन न्यायसम्बन्धी मुद्दाहरू अहिले पनि ज्यूँका त्यूँ छन् । पटक-पटक आयोगको म्याद थप्दा पनि ती मुद्दाहरूको सम्बोधन गर्न स्थापित संयन्त्रहरू उद्देश्यमा पुग्न सक्ने सम्भावना अत्यन्तै न्यून छ । अहिलेसम्मका कामकारबाही हेर्दा दुवै आयोग देखाउन वा सरोकारवालाहरूलाई भुलभुलैयामा राख्नका निमित्त गठन गरिएको प्रतीत हुन्छ । सर्वोच्च अदालतको निर्णय र आयोगको सिफारिसबमोजिम ऐन संशोधन नहुनु, दक्ष र आवश्यक जनशक्ति, स्रोतसाधनको अभाव, आन्तरिक कलह, दलीय स्वार्थ आदि कारण पनि आयोगले गति लिन सकेको छैन । आयोगमा विस्तृत अनुसन्धान गर्ने भनी निर्णय भएका बेपत्तासम्बन्धी २,५०० र सत्यनिरूपण तथा मेलमिलाप आयोगमा परेका एकसट्ठी हजार छसय पन्ध्र उजुरीमाथि छानबिन कार्यले अपेक्षित गति लिन नसकेको अवस्था छ । द्वन्द्वसँग सम्बन्धित कतिपय उजुरीमाथि मानव अधिकार आयोगका सिफारिस पनि कार्यान्वयन हुन सकेको देखिँदैन । यसले न्याय मर्दै गएको अनुभूति हुन थालेको छ ।

**दण्डहीनताको विद्यमानता**

मुलुकमा तीन तहको निर्वाचनपश्चात् सरकार गठन भइसक्दा पनि दण्डहीनताको अवस्था विद्यमान छ। कानुन कार्यान्वयनको फितलो अवस्था र मानव अधिकार

---

३. ऐ.ऐ.

उल्लङ्घनका दोषी एवं अपराधमा संलग्नहरू राजनीतिक संरक्षणका कारण कारबाहीको दायरामा आउन सकेका छैनन्। सङ्क्रमणकालीन संयन्त्रहरूलाई क्रियाशील नतुल्याइँदा द्वन्द्वसँग सम्बन्धित मुद्दाहरू किनारा लाग्ने र पीडितले न्याय पाउने सम्भावन अत्यन्तै न्यून देखिन्छ। जम्मा आयोगका सिफारिसहरू १२.५ प्रतिशत मात्र पूर्ण कार्यान्वयन हुनुले पनि अवस्था दयनीय देखाउँछ। सर्वोच्च अदालतको २०७३-२०७४ को प्रतिवेदनमा अहिले पनि १,१२,१२६।७।० (एक लाख बाह्र हजार एक सय छब्बीस वर्ष सात महिना) कैद असुल हुन बाँकी रहेको देखिन्छ। दण्डहीनताको यस अवस्थाले मानव अधिकारको संरक्षण र संवर्द्धनमा चुनौती यथावत् रहेको देखाउछ।

**कानुन हातमा लिने परिपाटी**

राजनीतिक रूपमा सङ्क्रमणकालीन अवस्थाको अन्त्य भएको भनिए पनि व्यवहारमा त्यसको अनुभूति हुन नसकेको अवस्था छ। अहिले पनि सडकबाट आफ्ना माग पूरा गराउने प्रवृत्ति विद्यमान छ। अत्यावश्यक सेवामा बन्दहडतालजस्ता विषय सामान्य हुँदै गएका छन्। चाहे त्यो चिकित्सकीय सेवा होस् वा सार्वजनिक यातायात सेवा। सरकार र राज्यका संयन्त्रले कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्दा कानुन हातमा लिने प्रवृत्ति मौलाएको छ। मानव अधिकार उल्लङ्घनका दोषीहरूमाथि कारबाही नहुनु, सर्वसाधारणले कानुनी शासनको पूर्णतः अनुभूति गर्न नसक्नुले पनि मानव अधिकार संरक्षण र संस्कृतिको विकासले गति लिन नसकेको अवस्था छ।

**सरकारबाट आयोगलाई अपेक्षित सहयोग प्राप्त नहुनु**

मानव अधिकारको सम्मान, संरक्षण, परिपालन र मानव अधिकार संस्कृति विकासका लागि सरकारी निकायबाट अपेक्षित सहयोग प्राप्त हुन सकेको छैन। कार्यक्रम सम्पन्न गर्नका लागि आवश्यकता र औचित्यताका आधारमा प्राप्त हुने बजेट पनि कटौती गरिएको अवस्था छ।

संविधानतः मुलुक सङ्घीय संरचनामा गइसकेपछि आयोगले छलफल गरी आफ्नो विगतको साङ्गठनिक संरचनामा समयानुकूल फेरबदल गरेको छ। यसरी आयोगबाट निर्णय भई सरकारको स्वीकृतिका लागि पठाइएको अवस्थामा सरकारबाट अहिलेसम्म पनि निर्णय हुन सकेको छैन। आयोगले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ मा नेपालको

संविधानबमोजिम समयानुकूल संशोधन गर्नुपर्ने विषय कारणसहित उल्लेख गरी पठाएकोमा हालसम्म पनि ऐन संशोधन भएको छैन । त्यसैगरी आयोगका कर्मचारीहरूको सेवा, सर्त र सुविधासम्बन्धी ऐनका लागि मस्यौदा तयार गरी पठाएकोमा हालसम्म आवश्यक कारबाही हुन नसकेको स्थिति छ। यसको सिधा असर आयोगको कामकारबाही सञ्चालन र कर्मचारीहरूको वृत्ति विकासमा पुग्न गएको छ।

**राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको काम र खर्च अपारदर्शी हुनु**

मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको पारदर्शिताका सम्बन्धमा अहिले विभिन्न कोणबाट प्रश्नहरू उठिरहेका छन् । काममा विश्वास गर्ने संस्थाहरूले यसको मार खेप्नुपरेको अवस्था छ। परिणामतः खर्च, कामकारबाही पारदर्शी हुन वा बनाउन नसक्दा जनमानसमा संस्थाहरूप्रति नकरात्मक सन्देश गएको छ। मानव अधिकारको क्षेत्रमा कार्यरत कतिपय संस्थाहरूको उद्देश्य प्रतिवेदनमा हासिल भएको देखिने तर व्यवहारमा समस्या जस्ताको तस्तै रहने परिपाटीले पनि संस्थाहरूप्रतिको विश्वसनीयतामाथि प्रश्नहरू जन्माएका छन् ।

विगत तीन वर्षदेखि अर्थ मन्त्रालयको वेभसाइटमा उल्लेख आयोगको नाममा दातृ निकायबाट प्राप्त सहयोगबारे आयोग नै अनभिज्ञ रहेको अवस्था छ। आयोगबाट पटक-पटकको पत्राचार हुँदा पनि यस विषयमा ठोस सम्बोधन हुन सकेको छैन। पेरिस सिद्धान्तबमोजिम आयोगको आर्थिक स्वायतत्ता सम्बन्धमा अन्तर्राष्ट्रिय मञ्चमा मूल्याङ्कन हुने र यो राष्ट्रकै प्रतिष्ठासँग गाँसिएको विषय हुँदा त्यसतर्फ सरकारी निकाय (अर्थ मन्त्रालय) थप संवेदनशील हुनुपर्ने स्थिति छ। सरकार र संवैधानिक अङ्गबीच यस्ता विषय विवादको रूपमा रहिरहनु उपयुक्त हुँदैन। अतः देखिएका समस्यालाई संवादमार्फत निरुपण गर्न आवश्यक छ।

**भौतिक पूर्वाधारको अभाव**

आयोग स्थापनाकालदेखि विषम परिस्थितिबाट गुज्रँदै आएको छ। आयोगले अहिले पनि पर्याप्त भौतिक स्रोतसाधनकाृ अभावमा कार्य गर्नुपरेको छ। वि.सं.२०७२ वैशाखमा आएको भूकम्पबाट केन्द्रीय कार्यालयको भवन क्षतिग्रस्त भई अहिलेसम्म बन्न सकेको छैन। हाल पुरानो भवनको अगाडि खाली रहेको जग्गामा प्रिफ्याव निर्माण गरी कार्य सञ्चालन हुँदै आएको छ। वर्षा मौसममा कार्यालयभित्र पानी छिर्दा कामकारबाहीमा

बाधा पर्नुका साथै भौतिक सम्पत्तिमा पनि क्षति पुगेको स्थिति छ। आयोगका अन्य कार्यालयहरू पनि भाडामा सञ्चालन गर्नुपरेकाले विविध कठिनाइहरू आउने गरेका छन् । जनशक्तिको तुलनामा उचित पूर्वाधार तयार नहुँदा आयोगको कामकारबाहीमा बाधा पुग्न गएको अवस्था छ ।

**रामअआ र अन्य आयोगबीचको क्षेत्राधिकारमा समस्या**

मौजुदा संविधानले राष्ट्रिय मानव अधिकार आयोगका अतिरिक्त मानव अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने छवटा आयोगको स्थापना गरेको छ । यसरी गठन गरिएका आयोगमा राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोग रहेका छन् । रामअआ र यी आयोगबीचको क्षेत्राधिकार, कार्य प्रकृतिको बारेमा खासै बहस, छलफल भएको अवस्था छैन । यी विषयमा बुझाइगत एकरूपता देखिँदैन । यसको प्रत्यक्ष असर कामकारबाहीमा पर्ने वा आयोगहरूबीच विवादको अवस्था रहने सम्भावना देखिन्छ ।

**समन्वयको अभावमा वाञ्छित प्रतिफल प्राप्त नहुनु**

मानव अधिकारका मुद्दामा अहिले पनि सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्यको अभाव देखिन्छ। फलतः सरकारी-सरकारी, सरकारी र गैरसरकारी एवं गैरसरकारी-गैरसरकारी निकायबीच काम कम, प्रतिवेदन बढी र एउटै काम दोहोरिएको अवस्था छ । आपसमा काम पन्छाउने मनोवृत्तिमा सुधार आउन सकेको छैन । बजेट फ्रिज हुने हुनाले अन्तिम समयमा काम हुने गरेको छ । अन्ततः लगानी बालुवामा पानी खन्याएसरह भइरहेको छ र लगानीअनुरूप अपेक्षित परिणाम प्राप्त हुन सकेको छैन ।

**पुरातन वा रुढीवादी मानसिकताको विद्यमानता**

नेपाली समाजको ठूलो हिस्सा अहिले पनि रुढीग्रस्त मानसिकताबाट गुज्रिरहेको छ। जतिसुकै अधिकार, स्वतन्त्रता, समानताका कुरा गरे पनि बोक्सी, छाउपडी प्रथा र दहेजजस्ता कुप्रथाबाट समाज मुक्त हुन सकेको छैन। यी प्रथाको सिकार महिलाहरूले बन्नुपरेको अवस्था छ। बोक्सीको आरोपमा दिसापिसाव खुवाउने, कपाल मुडी घुमाउने, कुटपिट गर्ने र ज्यान लिनेसम्मका घृर्णित कार्यहरू अहिले पनि भइरहेका छन् । दहेज नल्याएको वा कम ल्याएको भनी कुटपिट गर्ने जलाउनेजस्ता

कार्यहरू अहिले पनि भइरहेका छन् । छाउपडी प्रथामा छुई भएको अवस्थामा घरदेखि बाहिर बस्नुपर्दा कतिपय महिलाले ज्यान गुमाउनुपर्ने घटनाहरू सामान्यजस्तै बन्दै गएका छन् ।

**चुनौती समाधानका सम्भावित उपायहरू**

माथि उल्लिखित चुनौतीहरूलाई सम्बोधन गर्न सरोकारवालाहरूले निम्नानुसार कार्य गर्नु आवश्यक छ :

**नेपाल सरकारलाई**

(क) संविधान, ऐन, नियम कार्यान्वयनका लागि उपयुक्त वातावरण तय गर्ने,

(ख) निर्माणाधीन ऐन, नियम निर्माण गर्दा मानव अधिकारका मूल्यमान्यतालाई आत्मसात् गर्ने,

(ग) आयोगका सिफारिसहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

(घ) संङ्क्रमणकालीन संयन्त्र (बेपत्ता पारिएका व्यक्ति छानबिन र सत्यनिरूपण तथा मेलमिलाप आयोग) लाई कामकारबाही गर्न सक्ने वातावरण (ऐनमा आवश्यक संशोधन, आवश्यक स्रोतसाधन र दक्ष जनशक्ति उपलब्धता आदि) निर्माण गर्ने,

(ङ) गैरकानुनी कार्यमा संलग्न वा अदालतबाट दोषी ठहरिएका सबैलाई कानुनी दायरामा ल्याउन,

(च) कानुनी शासन र मानव अधिकारको सम्मान गर्दै दण्डहीनताको अन्त्य गर्ने,

(छ) आयोगलाई आवश्यक आर्थिक तथा भवनलगायत भौतिक स्रोत साधन उपलब्ध गराउन,

(ज) आयोगको वार्षिक प्रतिवेदन संसद्समक्ष पेस गरी छलफल गर्ने वातावरण सिर्जना गर्ने,

(झ) राष्ट्रिय मानव अधिकार आयोग ऐनमा संशोधन, मानव अधिकार सेवा विधेयकलाई तत्काल संसद्बाट पारित गर्ने व्यवस्था मिलाउन,

(ञ) आयोगको नयाँ साङ्गठानिक संरचनालाई तत्काल स्वीकृत गर्ने र

(ट) मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्ने-गराउन ।

**राजनीतिक दलहरूलाई**

(क) दण्डहीनतालाई प्रश्रय नदिई कानुनी शासनको सम्मान गर्न,

(ख) संविधानलाई कार्यान्वयको तहमा लैजानका लागि आवश्यक पहल गर्न

(ग) शान्तिसुरक्षा कायम गर्नका लागि सरकारलाई विशेष सहयोग गर्न र

(घ) सङ्घीय संरचनाअनुरूप मानव अधिकारका मुद्दामा साझा अवधारणा निर्माण गरी अगाडि बढ्न ।

**भावी कदमहरू**

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा आयोगले संरक्षण, संवर्द्धन, परिपालना र संस्कृति विकासको लागि कार्य गर्दै आएको छ। विशेषतः संविधान, ऐन, नियमावली, निर्देशिका र आयोगद्वारा तर्जुमा गरिएको रणनीतिक योजना (२०१५-२०२०) को आधारमा आयोग अगाडि बढिरहेको अवस्था छ।

विशेषतः विगतमा संविधान, ऐनमा समावेश मानव अधिकारका मूल्यमान्यतालाई आयोगले कुन हदसम्म सम्बोधन गर्न सक्यो ? सुधार गर्नुपर्ने पक्षहरू के-के छन् ? अवसर र चुनौतीलगायतका विषयमा थप छलफल गरी अगाडि बढ्नुपर्ने अवस्था छ। आयोग र पीडित, आयोग र गैसस/नागरिक समाज, पेसागत सङ्घसङ्गठन, सरोकारवाला, आयोग र सरकार, आयोग र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरू, दातृ निकाय आदि सँगको सहकार्य र समन्वय सम्बन्धमा आशातीत परिणाम हासिल हुन सके-नसकेको छलफल गरी आगामी रणनीति तय गर्नु वान्छनीय हुने देखिन्छ।

मुलुक सङ्घीय संरचनामा प्रवेश गरिसकेको छ। तीन तहमा सरकार निर्माण भई कामकारबाही अगाडि बढिरहेको अवस्था छ। मानव अधिकारको अनुभूति विशेषतः आयोगको क्रियाशीलता र सरकारको प्रतिबद्धता र कार्यान्वयनमा निर्भर हुन्छ। यसको लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग सहकार्य र समन्वयसाथ जानुपर्ने देखिन्छ। संसद्, सरकार, संवैधानिक निकाय, राजनीतिक दल, नागरिक समाज, गैसस एवं सरोकारवालाहरू (नागरिक) सँगको सहकार्य र समन्वयलाई थप उचाइमा लैजानुपर्ने अवस्था छ। यसको साथै मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सङ्घसंस्था/दातृ निकाय आदिसँगको सम्बन्धलाई पनि परिवर्तित सन्दर्भअनुसार समयानुकूल र अझ मजबुत तुल्याउनतर्फ अग्रसर हुनुपर्ने स्थिति छ।

माथि उल्लिखित पक्षलाई हेर्दा आयोगका अगाडि अवसर र चुनौतीहरू पनि छन् । यसका लागि आयोगले निम्नानुसार आवश्यक कदम चाल्नुपर्ने देखिन्छ :

(क) सरकारसँग समन्वय, सहकार्य र सम्बन्धलाई सुदृढीकरणको लागि थप पहल गर्ने,

(ख) मानव अधिकार ऐन एवं अन्य मानव अधिकारसँग सम्बन्धित ऐनमा समयसापेक्ष सुधारको लागि थप पहल गर्ने,

(ग) प्रदेश र स्थानीय तहमा मानव अधिकारमैत्री कानुन निर्माणमा विशेषज्ञ सेवा उपलब्ध गराउन,

(घ) आयोगका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन संयन्त्र निर्माणको लागि पहल गर्ने,

(ङ) नेपाल पक्ष भएका विभिन्न महासन्धिअनुरूप राज्यलाई दायित्व निर्वाह गर्ने वातावरण निर्माणको लागि सहयोग पुर्‍याउन,

(च) मानव अधिकारका चुनौती विषयमा प्राथमिकता भनी निर्धारण गरिएका मुद्दालाई सम्बोधन गर्न योजनागत कार्य अगाडि बढाउन,

(छ) सङ्क्रमणकालीन संयन्त्र अपेक्षित रूपमा क्रियाशील हुन नसकेको अवस्थामा भावी दिनमा आयोगले अवलम्बन गर्नुपर्ने रणनीति तयार गरी अगाडि बढ्न र

(ज) राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय रूपमा सरोकारवाला निकायसँगको सम्बन्धलाई बदलिँदो परिस्थितिअनुसार विकसित गर्ने ।

'घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार !' आह्वानलाई सार्थक तुल्याउनु आयोगको दायित्व हो। विनाभेदभाव, जुनसुकै धर्म, जात, रङ, वर्ण, आर्थिक हैसियत, राष्टियता सबैका लागि सधैँका लागि लागू हुने मानव अधिकारको कुनै सीमा पनि हुँदैन । मानव अधिकारका मूलभूत वा स्थापित मूल्य-मान्यताविना समानता, न्याय, मानव मर्यादाको परिकल्पना पनि सम्भव हुँदैन ।

अतः राष्ट्रिय वा अभिभावकीय संस्थाको हैसियतले आयोगले विगतबाट अनुभव लिई संविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित भई बदलिँदो परिस्थितिअनुसार आफ्ना कामकारबाहीहरूलाई समयानुकूल अगाडि बढाउनुपर्ने आवश्यकता छ। यसको लागि आयोग सम्बन्धित सरोकारवालाहरूसँग सहयोग र सहकार्यको अपेक्षा गर्दछ ।

## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरु


### केन्द्रीय कार्यालय :

हरिहरभवन, ललितपुर
पो.ब.नं. ९१८२
इमेल : nhrc@nhrcnepal.org
फोन : ०१-५०१००१५/१६/१७/१८
वेबसाइट : www.nhrcnepal.org
फ्याक्स : ०१-५५४७९७३, ५५४७९७४
हटलाइन : ०१ - ५० १० ०००

### प्रदेश कार्यालयहरु :

ठेगाना : चाँदनी चोक, विराटनगर
फोन : ०२१-४६१९३१, ४६१०९३
फ्याक्स : ०२१-४६११००

ठेगाना : देवीचोक, जनकपुर
फोन : ०४१-५२७८११, ५२७८१२
फ्याक्स : ०४१-५२७२५०

ठेगाना : जनप्रिय मार्ग पोखरा
फोन : ०६१-४६२८११, ४६३८२२
फ्याक्स : ०६१-४६५०४२

ठेगाना : सानेपा, ललितपुर
फोन : ०१-५५३०३६२

ठेगाना : बुटवल, रुपन्देही
फोन : ०७१-४१०१७५, ०७१-४१०१७६

ठेगाना : उत्तर बेहेडी, धनगढी
फोन : ०९१-५२५६२१, ५२५६२२
फ्याक्स : ०९१-५२५६२३

सुर्खेत, विरेन्द्रनगर (प्रस्तावित)

#### प्रदेश शाखा कार्यालयहरू :

दिक्तेल, खोटाङ, फोन : ०३६-४२०२८४
खलंङ्गा, जुम्ला, फोन : ०८७-५२०२२२
शान्तिनगर, नेपालगञ्ज, फोन : ०८१-५२६७०७, ५२६७०८
फ्याक्स : ०८१-५२६७०६